# लक्ष्मी गीति-सङ्ग्रह



लक्ष्मीप्रसाद देवकोटा

# लक्ष्मी गीति-सङ्ग्रह

(गीतिसङ्ग्रह)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
[www.sahityaras.com](http://www.sahityaras.com)

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : मञ्जरी पब्लिकेशन
*संस्करण* : पहिलो २०७५
*ISBN* : 978-9937-712-41-5

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-02-14, 10:00:48 UTC
*Latest minor Correction* : 2026-02-14, 10:00:48 UTC
*Sahityaras ebook id* : 20260214100048

**Cover art**
*Laxmi giti-sangraha cover with the potrait of Laxmiprasad Devkota*
by Sahityaras team

Please visit [www.sahityaras.com](http://www.sahityaras.com) for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू [www.sahityaras.com](http://www.sahityaras.com) मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची


झण्डागान

मलाई

दमाइँ-दाइ

बिदाइ

झाँकी

जाग

शान्ति गीत

किसान

रोपाइँ गान

वन र जन

त्रिभुवनका जाग्दा झिल्का

हामी दाउरे दाउरेनी

श्री ५ महेन्द्रको शुभराज्याभिषेकका उपलक्ष्यमा

हुनुको मात

वाणीप्रति

साउन आउँछ

मधुबाला प्रकृतिप्रति

आकाश-गंगा

वियुक्ता

ए सुन्दर ! चढाउँछु यो बाली !

कवि जीवन

बाढीकी विष्णुमती

कोइलीलाई

ताराहरूसँग
बच्ची र प्रौढा पृथिवी
एक बिहान
बिहानी बिगुलध्वनि
धिक्कार र धन्यवाद
आशावादी नेपाल
वर्षाको रातमा
जूनकीरीलाई
गोसाइँकुण्डको यात्री
हिमालयको प्रेमजोगीको गान
नखलिस्तान
हिन्दू-विधवा
मेरो नरोपिएको खेतअगाडि
साँचो हराएको बेला
पुष्पक्रन्दन
मान्छे खोजें
माग्नेसँग
प्रेमपरी
अमरजोडी
जलभुवाको प्रेमपत्र
लहरको बोली
साउन
जलमेला
आषाढ-संक्रान्ति
पोशाक फर्दा
भिखारीको पुकार

युवकप्रति
पन्छी
तिहारको कुकुरलाई
धानका बाला
भैलो गीत
जल्दी रूपरानीलाई
तीन स्वर्गवासी बच्चाको संझना
वैशाख पूर्णिमाको गान
रोपाइँको दिन
वरहिणी गान
पाहुना
विश्लेषिक दृष्टि
तुलारामको सिद्धान्त
बाबु तिनको काँ हो ?
बैंस
भाद्रान्तितिर
धनबाला
खोलो
दयाप्रति
टुक्रा बादल
ठूला र सानासँग
स्रष्टाको ध्वनि
बादलदेशमा
पूँजीपतिलाई
बुढानीलकण्ठतिर
यो युग

[राष्ट्रभाषाको प्रेम]

# झण्डागान

(क)

अचल नील, जलधि नील, गगन नील, सुन्दर
नीमिलाले मधुर-क्रान्ति।
राज गर्छिन् अटल शान्ति ॥
नीलवसना, अमृतरसना, जनका मनको मन्दिर,
मुटुका घण्ट बज्छन् जनका।
डोल्छन् स्वास चरम तिनका ॥
कामनाका कुसुम चढ्छन् अमृतपदमा सुन्दर ॥

(ख)

यो निचोड गगनको यो गिरि र बनको टूना।
यो स्वदेशी प्रकृत रङ्ग, लक्ष्यको मनूना ॥
शुद्ध हृदय विन्दुको यो सिन्धुको हो छाल
देशपुत्र, सच्चरित्र।
वीर, भावले पवित्र
दूधका हे ऋणका मोचक, झण्डा यो उचाल,
यसका मनि हे नेपाली! मिलन छाल छाल ॥
मातृभूमिको जो आत्मा बस्छ यसको अन्दर ॥ अचल नील. ॥

(ग)

सर्व जाति वर्ग भेदभान हीन।
मिल्नु पर्छ जल्नु पर्छ, जोशले नवीन ॥
यो समुज्ज्वल चिह्नलाई चिनन कर्मवीर।
शान्ति, कान्ति, सुखको पथको यो निशान धीर ॥
जाथ, लाथ उन्नतिमा, देशभक्तिवाला
यो फिलिङ्गोले जगाउँला जागृतिको ज्वाला
प्राण हो बतास जो न देशमा छ अर्पण
हात ती हुन् खालि भुँडन जसमा छैन सिर्जन।
दलित, शुष्क देशलाई हृदयले बनाऊँ
स्वर्ग तुल्य, राखूँ जगमा, नेपालीको नाउँ ॥
कुइरो भाग्छ, भूत हट्छ, बन्छ बन्छ, देश
आशावादी हाम्रो धर्म्म बलिदानी वेश ॥
भक्ति दिलमा शक्ति मुटुमा ईश्वर माथि हाम्रो
छाडुँला बनाई देश स्वर्ग भन्दा राम्रो ॥
फुल्लान् अमर खुस्वूदार कुसुम पथमा लामा
सच्चाईको दिउँला जाँच अन्तिम सासले आमा!
बढ अगाडि बढ अगाडि पथ छ सत्य सोझो
बक्र गतिमा छन् मुजङ्ग,
सत्यको छ साझो ढङ्ग
वीरलाई मृत्यु अमृत, पृथिवी हुन्न बोझो ॥
हृदय विन्दु सिन्धुको छ नील छाल शान्ति
फर्फराई हाँस्छ विजयी सत्य पथको कान्ति
यो अनन्त काल ऊँचा राखूँ प्राण– सुन्दर ॥ अचल नील. ॥

# मलाई

(क)

मलाई त्यस्तो दुनियाँ, जसमा छैन पहाड खाडी, मान्छे बराबर।
मलाई त्यस्तो मुनियाँ, जो रूँदैन पिँजरामा, उड्छ सरासर ॥
उड्छ नयाँ आकाशमा, ज्योति भरीभर ॥१॥

(ख)

गिद्ध नहुन् देश छतमा लाश नहुन् भुइँमा।
गरीबमारा नपाऊन् रे चल्न कालो फुइँमा ॥
थिच्ने नहोस् मखमल हाँ, छाला वहाँ सूइमा।
उज्यालो होस् सब आँखालाई गाँस-बास-रूइमा ॥
कर्म्म बनोस् वेद हजूर, अमर प्रेम दुइमा ॥
व्यक्तिको शक्तिलाई, देश मानव भक्तिलाई, स्रोत सरासर ॥२॥
॥ मलाई. ॥

(ग)

निर्मल आकाश जहाँ छैन शेष अन्धो कुइरो।
रातको अन्त उडेको सब ऐँठन भ्रम धुइरो ॥
विवेकका उज्यालामा सिर्जनाको वैरो।
अथक रे अन्वेषण आविष्कार गहिरो ॥

असुन्दरको असहन, सुन्दरको कदर,
जन मन शासन होस्, मिथ्यामा होस् खोइरो ॥
आज सत्यजुगलाई, बोलाउँछु गीत गाई, सुन चराचर ॥३॥
॥मलाई॥

# दमाइँ दाइ

(क)

सियोको टुप्पोले मुटु विझ्यो दमाइँ दाइ !
आजलाई दशैंलाई देखेर।
जर्जर पातमा कीराले दमाइँ दाइ !
देशदशा झलक्कै लेखेर ॥

(ख)

ईश्वरको मूर्तिको मान्छे, मान्छे गर्छ हेँला,
एउटै मासु, एउटै रगत, एउटा आर्को पेला ॥
पहिले खाँद्छन् मूलालाई पछि भन्छन् सिन्की।
मान्छे सडाई मान्छे खान्छ झीँगा जस्तो भन्की।
देख्दाखेरि मेरो कंचट त्यसै आउँछ रन्की।
जसले चुस्छ त्यै गुरू रे त्यसकै तिमी चेला ?
भएन है अझ किन ? आँखा खोल्ने बेला ?
कुक्कुर चुम्छन् मानिस, थुक्छन् हाम्लाई दमाइँ दाइ,
लात्तीले नै फुटबल झैँ फँकेर ॥

(ग)

थिचिएको सुनको खानी भैँचालाले झिक्ला।

दबिएको आवाजलाई ज्वालामुखी फेँक्ला।
ठाँटिएका परी, देउता स्वर्गका छन् सुरा।
हामी नाङ्गा, हामी भोका, हिउँदका छुरा।
हामी नाली, हामी गन्दा, हामीहरू कीरा।
सुनको मन्दिर, ढुङ्गो ईश्वर, धर्म्म गाँजा सन्की।
अचाक्ली नै भयो हाम्लाई हाम्रा हकछन् कि ?
सडेका कपडा, कुहेका चमडा, रगत सुक्यो दमाइँ दाइ !
नक्कलीले लालशर्वत पिएर ॥

# बिदाइ

(क)

आँसुको थोपा आज बिदाइ ! बिदाइ !
बलि छु बनेको जनहितलाई !
गर्नु छ रण अब रणसँग जाई !
रोग, अभाव, निरक्षरतासँग अब छ लडाइँ, लडाइँ !
घुम्नु छ दुनियाँ, पोस्नु छ मुनियाँ ।
माफ गरे है मलाई, मलाई ॥१॥

(ख)

मजा अकेला काल मलाई ! मलाई ! मलाई !
कोटी जनको जीवन सुखमा ! मिलछ स्वर्ग र अनुपन सुषमा
प्रीतिले तिम्रो प्रीति सिखायो, जगमा फिँजाई, फिँजाई ।
नवजीवनको, शान्ति र सुखको खबर दिनु छ मलाई, मलाई ॥२॥

# झाँकी

बादलमा तिम्रो मुहार देखें, जुहार झलझल, आकाश रानी।
दुइचार तारा झल्की रहेथे, दुइचार बुट्टा रे आशमानी ॥
सप्नाको मीठो अरखले रेखी सजीव तिम्रो स्वरूप खासा।
सहास झल्क्यो, विचित्र जादू, आदर्श-आत्मा समान शानी ॥
अलि कराली, नजर धरमा, उडी रहेको फुका सुकेश।
संसार भन्दा सजीवलोचन, एक दिव्य ज्योति सजीव नानी ॥
ती पूर्णताले कुँदेर अङ्ग, सौन्दर्य-मन्दिरको यात्री मन यो।
बिलायो मृत्यु वर्षेर अमृत, नशाले लहरी अनन्त जानी ॥
न मासुद्वारा निक्लन्छ जो त्यो न स्वर्ग, भूमा हुजे प्रकाश।
संगीत लय झैँ भरेर आयो, यो राग गाएँ न राग जानी ॥१॥

# जाग

(क)

जाग रे युवक संघ! आज देश भो असुन्दर!
अब बनाऊँ नव रे दुनियाँ, एक सुवर्ण मन्दिर ॥१॥

(ख)

कृमि र कीट जिन्दगानी हेर! जनको सारा।
अन्धकार रे अपार! छैन एक तारा ॥
भो सुताइ धेर बेर जाग रे युवक प्यारा।
तिमिरदुर्ग-भङ्ग गर रे जङ्ग गर रे सारा ॥
गरे रे जोर, फोर, फोर मिथ्या ओ आडम्बर ॥२॥

(ग)

आँधि जोर, मिलन शोर, भेल, भेल आओ।
एक बेरोक विश्वलहरी क्रान्ति गान गाओ ॥
सब खराब, यी बढार, द्वार घर बनाओ।
रुधिर पोख फूलबारी पछिलाई अब सजाओ ॥
शरम भो हे मर्म्मघात! सभ्य दुनियाँ सामु।
सुत्ने सकल मुर्दा जन रे, चल्ने पथ छ लामु।
स्वजन निम्ति मृत्यु अमृत, मिथ्या अधर डामूँ।

लड्न अब त तिमिरसंगमा डरले भो नकामूँ ॥
वीरभद्र, भीमसेन, उफ्र, उर्ल सुन्दर ॥३॥

# शान्ति गीत

(क)

विश्वरमण भो रणले भाइ ! शान्तिमा अमृत छ
भाइ ! शान्तिमा अमृत छ
जुगानजुगको यो कालो जरो फेक्नुमा जनहित छ
भाइ ! फेक्नुमा जनहित छ
पुराना सड्दा खटिरा घाउमा
मलम लगाऊँ प्रीति रे !
शान्ति-टूनाले फुक्न गाऊँ
हालूँ अँगालो, मेल बढाऊ
वैर जगत्को जीत रे !
शान्तिले रण जित्छ
भाइ ! शान्तिमा अमृत छ !
विश्वमरण भो.........

(ख)

विश्वयुवक हुँ शान्तिका चूलो
शान्तिको हाम्रो ढोलक रे !
यो विश्वमेललाई को रोक्ने थामी ?
अमर, अमिट बेरोक हामी

शान्ति नै हाम्रो गीत रे !

शान्तिले रण जित्छ

भाइ ! शान्तिमा अमृत छ

विश्वरमण भो .........

# किसान

(क)

कठैबरा! किसान भाइ हो! तिम्रो निम्ति प्राणैको संकट छ!
चिथरामा भोका र मैला, हड्डी खाली, पसीना चिटचिट छ!

(ख)

भू दुहुने आदिकालका, दूध छैन थोपो।
बाङ्खुरे छ भुत्रे भुप्रो जहाँ घोँचा रोप्यो।
कालो हाँडी, माटी घैलो, हातले मुख छोप्यो।
लड्यो जहाँ घुऱ्यो वहाँ,
ओढ्ने कहाँ? ओछ्यान कहाँ?
लामखुट्टेको नाच्ने दलले चूसाहा सुइरो रोप्यो॥
दिनभर, पसीनातर,
मर, मर! अधमर!
खाने बेला छैन है रोटी किसान भाइ हो! तिमीलाई छटपट छ!

(ग)

काँढादार छ सिस्नुमन्टा चिम्टी नूनमा भुलभुल!
खस्रोमस्रो घाँटी कोरा ढिँडो कक्लुक, कुलकुल!
त्यो पनि छ आधापेट है, बच्चा हेर्छन् टुलुलुल!

पीठो घोली ! दूध बोली ।
बच्चालाई सन्तोक भोलि ।
जब छ महल रंगरोली,
अन्ध आँखा लठ छ ।
तम्रो रूधिर बन्दछ मदिरा, तिम्रो नशा बेलाको रट रट छ ।

(घ)

शाकपातलाई घामपानी हरियो छ रङ्ग ।
उज्यालो खै तिम्लाई भाइ ? सुकेका छन् अङ्ग ॥
वैलाएका षोडशी भाइ ? सुकेका छन् सङ्ग ॥
पृथिवीका धनी हो ? पैदायस छवि हो ?
लुट्यो कसले अनि हो ? इन्साफ यस्तो ढङ्ग ?
जाग्दैनौ किन हो ?
हक आफ्नो लिन हो ?
गाँस-बास कपास निंति, लड भाइ हो, प्रकाश चौपट छ ॥

# रोपाइँ गान

(क)

बादल आए झुम्मी झुम्मी ......झमझम पानी पर्ला है।
हिँड्न कान्छी! जाउँ है खेतमा, धानी रेशम सर्ला है ॥
प्रेमको जोडी हातले रोपे, मीठो है दाना भर्ला है।
त्यसैले तिमीलाई करला'है, हो! त्यसैले तिमीलाई करला' है ॥
झिलमिल झिलमिल तिप्लिङ्गी है! सिलमिल झिलमिल चटरङ्गी ॥१॥

(ख)

स्वर्गले झार्‍यो मोतीदाना बरबर, झमझम, लबरबर, लो।
घोप्टी रोप्दा मुना साना।
मधु झर्लान् स्वरका दाना।
कटीका लच्का देख्दा नाना। रोलान् स्वर्ग परी रे।
आँखा चमचम नाच्दा नाना बिजुली झर्लान् मर्लान् है।
झिलझिल झिलमिल तिप्लिङ्गी है! सिलमिल झिलमिल चटरङ्गी ॥२॥

(ग)

रोपेको बीउ मर्ने छैन, दाना सुनौला बन्ला है।
जुगजुग गुन्दै जालान् रानी! पृथिवी होलिन् सुन ला'है ॥
स्वर्गको वर्षा, प्रीतिको गाना, सुनको माला उनुँला है।

हँसिया चमचम चुरी छमछम, धनको अँगालो चुमुँला है ॥
झिलमिल, झिलमिल तिप्लिङ्गी है ! सिलमिल झिलमिल चटरङ्गी ।।३।।

# वन र जन

वनलाई देख्छु जनको भाइ, जनलाई वनको,
प्राणको हेर! क्या साटोफेरो! लिन र दिनको।
वनकी देवी हरियो लाउँछिन् आँखालाई खुशाउन,
रङ्गी र चङ्गी फूलले छाउँछिन् आत्मालाई चिनाउन
छक परी हेर्छन् मानिस तिनलाई हृदय रसाई;
ईश्वरको मुस्कान झल्केन कतै यत्तिको मलाई!
थिति र गति लाएछौँ अंश, नृत्यलाई नफाली,
वन र जन भूतलमा बस्छन् आत्माले अँगाली।
जन र जन जान्दैनन् मिल्न, ती दुई मिल्दछन्,
वनले जन, जनले वन विकसी फुल्दछन्।
मुनिले बसी गहरीमा वनका नातालाई निहाले;
संसार पोषे सत्यले दिव्य, आफूलाई सँभाले।
ईंट र चूनले उक्केको मान्छे वनलाई अपनाउँछ,
मानिसलाई रस हाँगाले दिन वन कर फैलाउँछ।
हरियो, नीलो संसार वनको एकान्त सिँगारी,
मानव आत्माभेट गर्न हुन्छ,बोल्नको भिखारी,
प्रकृति देवी पन्नामा ज्यादै सुन्दरी भएर,
इशारा गर्छिन् छर्केर अत्तर, क्यै भन्न मुस्केर।
म जान्छु, जान्छु, वाग्मती किनार, छहारी शीतलमा,

ढुङ्गामा ज्यादै पछारी जल,
संग्लिन्छ जहाँ एक छिन लरबर भ्याउँको मखमलमा !
अश्मानी गुलाफ वैलेर, शीत, ताराका दुइ दाना ॥
नफ्रेसम्म केही कुरा गर्छु–
एक छिन रङ्गी, दुइ आँखा भरी हुनेछु रवाना ! !

# त्रिभुवनका जाग्दा झिल्का

(क)

हिजोका दिनकरका ए झिल्का झिलझिल !
जसले बनायो जनताको आँखा अ झरे पिलपिल !
फूलका सारा छातीमा शीतका दाना साना,
तिम्रा पिताका निम्ति मोती मोती नाना,
पढ रे हाम्रो राजा ! हाम्रो दिलको पाना !
जुन आत्माका आत्मज होउ,
त्यसको उज्यालो छान।
तब होऊ, धपधप नवयुग डाँडा
चुलीमाथि राजा !

(ख)

तिनी सजीव छन् तिमीमा भन्ने
बाज्ला दिलले बाजा
घाउ पुरिई आउलान् हाम्रा,
भुलुँला तिमीमा उनलाई
जसको नाम दिलमा काट्छौँ
अक्षरमा सुनलाई,
तब गाऊँ नाचूँ हामी, चिर राजका पुकार

(ग)

बिहान हो हाम्रो आज नयाँ युगको उधार,
बीउ रोप्ने त्रिभुवन, जल छर्ने छोरा,
हुर्किएको प्रजातन्त्र सुवास भर्ला धरा!
चूली चूली बत्ती बल्दे
                    माला फन्को हिमाल
नवयुगको बिहान आज
                    बन्न लाग्यो नेपाल!
झरझर झरझर लाबा, अबीर
                    स्वर्ग बरी करका
त्रिभुवनका अमर झिल्का
                    राजा नेपालभरका!

# हामी दाउरे दाउरेनी

(क)

हामी दाउरे दाउरेनी, ओइ हो ! ओइ हो !
कसले चिन्दछ हामीलाई भाइ हो ! भाइ हो !

(ख)

पहिला चोटले सगरलाई बिउँझिन सिकाई,
नरसिङ्गे बन्चरोले रातको रगत बगाई, छिर्काई
दिन बचेरो जगाइदिन्छौँ कलिलैमा गीत गाई
मानिस बिउँझे ईश्वर जाग्छ कामको वेद यै हो
परिश्रमले सृष्टि भयो संसारको, जै हो ॥

॥ हामी दाउरे दाउरेनी ॥

(ग)

वीरको जाँच गाह्रो साह्रो, चाम्रोसँग लडाइँ
ढ्याक् ढ्याक माथि ढ्याँग ! ढ्याँग !
संसारलाई न्यानो, प्यारो, रातो ज्वाला जगाई,
जानू छोडी गाम ! गाम !
नेपालैलाई बनाउने पो, वीरको हात यै हो !

॥ हामी दाउरे दाउरेनी ॥

(घ)

ढुङ्गे भूमि अपठेरी गाई, साह्रा थुन छन्,
तान्! तान्!
धरोलागि बन्चरो ली परशुराम भैँ हान्! हान्!
काँढादेखिन् डर्ने कातर, क्या गर्छ रे खै हो?
अनकन्टारलाई हाँक्ने हामी, हाँकले खान्छ जै हो!
॥ हामी दाउरे दाउरेनी ॥

(ङ)

वनको जूगो चूसी खान्छ, हामी बोकी भारी,
अजिङ्गरले सोसी निल्छ, हामी सुइ सुइ गरी
पसिन भैँ छैन साँहिला! मोती भन्नु त्यै हो
खस्रो खाए दहरो हुन्छ मसिनोले गै गो
॥ हामी दाउरे दाउरेनी ॥

(च)

राम पो पस्यो काँढे वनमा
रावण्णे भो ढ्याङ्ग
सुनको लङ्का बनाई क्यार्नु
हनुमन्तेले छ्याङ्ग!
कल्ले लग्यो चाँदी हिमाल,
सुनको बादल ड्याम्मै
नाङ्गो डाँडो बाँची रै छ
सगर वर्षी ग्वाम्मै!
तब साहिँला! मुटु हाली हरेक चोटमा
हान्! हान्!

सुक्ने रूखको पालोगयो कलिलोको
नौ ज्यान!
बाँधूँरे बिटा काँधमा हाली
साफ गर्नु छ साह्रो
दोब्री हिंड्न लामो सडक,
हिँउको फार्न दाह्रो,
बेनामीजोवीर छ हाम्रो कुलको देउता त्यै हो।
॥ हामी दाउरे दाउरेनी ॥

(छ)

झिल्का साहिँला! रातो आगो
बन्चराले हान्, हान्!
अँधेरी छ अझै संसार,
झिल्का, झिल्का बिहान।
पहाड चढी आगो ल्याउँछौँ डाँडा ओर्ली दिन्छौँ।
मिहिनेतको झ्याउले ध्वजा, दाम्ले शिरपेच बान्छौँ।
दुःख खपी भारी बोक्नु बहादुरको गादी
हाम्रा पन्जा गले भने नेपाल गल्छ ज्यादी।
ढुङ्गा मूढा हाम्रा सँगी, मन्तर होस्टे हैँसे
डोरी बटार नशा बसे पिँडौलामा बैशे
यस्तो बादुर कमाइ गरे मरि जान्छन् ऐशे।
रातलाई काटी, सूर्जे निस्क्यो बादलको वन है,
आगो ल्याउँछ, संसारलाई, उसको काम त्यै हो
॥ हामी दाउरे दाउरेनी ॥

(ज)

चाँदी साँग्ले निर्मल खोलो गीत गाई घेर्छ,
हाम्रो मुटु कलेजा है बाँधी, मस्काइ बेर्छ।
यै धर्तीलाई न छोड् भनी रोई गाई हिँड्छ,
पराल छानो जूनले लिप्दा क्याको दरबार जानु ?
सानीले मुख मिठ्याइ खाँदा भरि जान्छ गानु !
कान्छीसँग गीत गाई रौँला, सल्ला घारी मरमर,
पोल्टो भरी मकै फूल हाँडी भरी भरभर !
  म्हेन्दो सर्ची चूरी छामे
    तिप्लिङ तकाइ ती वो !
भ्यान्टाङ भुन्टुङ हेर्ला वनमा,
    हाम्ली नाच्ला गाई हो ! ॥
भीमसेन हाम्रो देउता कान्छी !
    परिश्रमको जै हो !
      ॥ हामी दाउरे दाउरेनी ॥

# श्री महेन्द्रको शुभराज्याभिषेकका उपलक्ष्यमा

(क)

नवयुगको बिहान आज सुनचुली छन् झिलमिल !
हिजोका ती सूर्जे संझी फूलमा वर्वर जलजल !
तर तिनै त्रिभुवनको अमर झिल्को जाग्छ,
बाबु संझी छोराको क्या नेपाललाई माया लाग्छ !
के पो चढाउँ आजको दिन भनन मुटुको राजा !
अटल भक्ति-सिंहासन है, हृदयका माझाँ !
साना होचा हांलाई विशेष
हेरे, हाम्रो माग छ !
जमीनबाटै उठीकन
नेपाल चूली लाग्छ !
है हो ! हिमाल फन्को, अमर फूलको माला,
है हो ! झर्नाझर्नी ! नाच र गानका ताल,
है हो ! उषा अवीर, है हो हिउँ झैँ लावा
यी राजाका शासनमा जव्वर होलान् जावा !
आज हाम्रा भाव नयाँ जागी उठ्छन् खिलखिल !
॥ नवयुगको ॥

(ख)

शिवजीको हिमाल डाँडा, भगवान्को तराइ।
बाघमा चढ्ने कालीको वन, स्वर्ग झुल्ने ताल ॥
अप्सराको लुगा बुन्ने बादलूको जाल ॥
प्रकृतिका पर्वत मन्दिर, सुनको गजूर जडाइ।
हामी दिन्छौँ महेन्द्रलाई हृदयले चढाई ॥
सुनचाँदीका नशा सारा पृथिवीका जिउमा
जुगान्जुगका वीरको माटो, राख्ने स्वदेश बीउमा;
तारा जुहार आकाशछानो, चूलीलहर माला।
हाम्रो सारा मुटुको बल, आत्माको रे ज्वाला ॥
एकतीस तोप हज्जार पारी ओढार गर्ला बँढाइ
जनशक्तिको तरबार दिऊँ, युगको जित्लान् लँडाइ!
जातिफूलको माला गूथौँ धागोमा एक सुनको,
छत्तीस थरी डाँडी गाँसी एकछत्र दिउँ मनको
पचास गंगा अभिषेक गर्छन् तिंलाई आज,
हाम्रा दिलमा न डगेर सँधैलाई है राज,
है हो नेवार! तामाङ!
चारै वर्ण गुरूङ!
है हो दनुवार! थामी
थारू, मगर, सेर्पा,
लिम्बू, राई, चेपाङ
अभिषेक आजलाई मेचीदेखि काली,
तराइदेखि केरूङ्!
नाचूँ है राजा प्यार मानी,
तिम्रो उत्सवको सार मानी,
उम्ल्यो दिल, दिल घरमा नि!
है हो, हिमाल फन्को! अमर फूलकोमाला!

है हो, झर्नाझर्नी ! नाच र गानका ताल !
है हो ऊषा अबीर, है हो हिउँका लावा,
तिमी राजाका शासनमा, जव्वर होलान् जावा !
        दूधको खोलो छेले है !
        सपनामा हाम्रा खेले है !
                दुश्मन हाम्रो पेले है
                जै हो ! जै हो !

# हुनुको मात

(क)

बिहान जस्तो क्यै छैन भगवान्! जीवन उदय,
विजय कालको, संज्ञाको छाल यो,
शून्यको ढोका उघ्रेको चाल यो,
ज्योतिको वैरो निराकार उपर, टुङ्गेको प्रलय,
जागृति निर्भय, दर्शन सदय!

(ख)

बिउँझियो हावा घण्टलाई बोकी धुनधुनमा हरायो,
दैनिक जन्मपाएको गुनले
मानिसले मन्दिर बनायो सुनले, शब्दमा लहरायो,
चराले हेरी मिरमिरको मुख गुँडमा करायो,
बकुल्ला ताँतिले मलमल पङ्खी पूर्वलाई सह्रायो।

(ग)

लाखबत्ती बालूँ भन्दछ मन यो हिमालका चूलीमा,
सुन्दरीजलको चढाऊँ अर्घ
भन्दछ दिल यो सुनका नारान! पाउको धूलीमा;
फुलेछन् लाल लाल क्यै थुँगे बादल,

च्यातेर छरूँ कि ?
शीतका दाना दूबामा झल्के गलामा धरूँ कि ?
किनकि अहिले अस्तित्वकस्तो मधुरमात झैँ छ;
बिउँझेर फर्की हावामा फुकी नाचेको पात झैँ छ !
हुनु नै मानो हरियो हुन्छ, घामछुवा डाँडा झैँ;
दुबाको जस्तो रोमाञ्च फुर्छ,
रौँ रौँ मा आज,
हृदय हुन्छ तलाउजस्तो लहर चल्दा झैँ
कुन चरी उडी फुर्फुरे प्वाँखमा उँचीली सुरीली;
स्वतन्त्र आकाश-क्षेत्रको मिठास पाएकी पगली !
कुसुम मधु सिर्जनको पिई दिल हुन्छ लठ सारा;
मुटुको ढुक्ढुक् ! नशाको बलबल !
मनको कुक्कुक् ! इच्छाको कुलबुल !
रङ्ग ढङ्गको मीठो अनन्त निम्ति, नमस्कार हे प्यारा !

# वाणी प्रति

रूमानी मेरी सपना उडी बादलमा बिलाई
गुमानी मेरी बिपना ओर्ली चट्टानमा पलाई।
चिम्लेका आँखाभित्रका जादू डर लाग्छन् मलाई,
दिनको खुला उज्यालो गर्छ संसारको भलाई!
गरीबीलाई सिँगारी पहिले अपनाउँथे मजामा,
अब त्यो काली बोक्सीलाई खिँच्छु गन्हाउने धुजामा,
बदली संसार रमाउने मन हो एक वरदान,
आफैँमा मस्त हुन्छ त्यो आखिर
संसारलाई छाया, घर राम्रो रच्छ, दिँदैन क्यै प्राण!
हेर! त्यो गन्दा गल्लीमा छाप्रो कसैको कुहिन्छ;
भत्कन तयार बगेर भित्ता, बादलै चुहिन्छ!
बनाउनु मैले भाइ र बहिनीहरूको घरबार छ,
सुंगुरकोखोरलाई गिज्याउने जहाँ सुनको दरबार छ।
विषय मेरा बाङ्गा र टिङ्गा जङ्गलका बिरूवा,
कविताका शीर्षक मेरा गरीब गुरूवा।
कहीं छ कोर्नु, कहीं छ फोर्नु, कहीं छ सिंचन,
राष्ट्रको खेत सम्याउनुपर्छ युगलाई रचन।
असुन्दरभित्र सुन्दर जो हो हिलोको कमल,
फक्रने त्यल्लाई कविको किरण समाती असल।

धनको तन्द्रा सुखको निद्रा चाहिन्न मलाई !
मानिसको आँखा खुलाउने भाखा,
आकाश छुने धोबिनी गीत, बिहानी मलाई !

# साउन आउँछ

(क)

भोलि साउन आउँछ रे ! भोलि साउन आउँछ !
स्वर्ग गीत गाउँछ रे ! स्वर्ग गीत गाउँछ !

(ख)

वंग सागर सगर चढ्यो पूर्व दक्षिण कुना
बाफ फिंजाई कालो पङ्ख चौथाइ ढाकी आकाश
पश्चिमोत्तर होड गर्छ आर्को बादल दूना
सोझो दक्षिण पातलो छ, मिरमिरसेतोमिठास
झिलझिल गर्छ पहिले दक्षिण शिरविन्दुलाई पुग्न
उत्तरतिर डब्बल गोला फुट्छ झल्याँस झल्याँस !
आनन्दको माछो जत्ति गंध बोक्छ बतास !
आकाशको अन्तस्तल गूँजी गूँजी गाउँछ !

(ग)

झ्यालमा ज्यादा नढल्क है हाम्फालौली प्यारी !
नृत्यका सब पोथी नशा कुत्कुताई ज्यादा !
सुख छ आज जङ्गली भै वनमा नाच्दी भारी,
'आधा झल्का, आका लुकी, बिजुली छ प्यारा !

तिम्रो आँखा चमचम चम्के मीत झैँ बिजुलीका'
मुटुभित्र खलबल् नाच्छ बल्लरीको सारी!
प्रकृतिको मञ्च विशाल, घनघटाको निम्ता,
सागर छाल, सगर छाल प्राण मन्त्री गाउँछ
भोलि साउन आउँछ रे! भोलि! साउन आउँछ!

(घ)

चली चूली हातेमालो झल्की उफ्री बोली
स्वर्ग दिन्छ एकै झलक, एकै झिमी खोली
यस डरले कि ज्यादा हेरे पृथ्वी पगली होली
दक्षिण उड्छे शिरविन्दुलाई जिस्काई पक्रुँ भनी
उत्तर फुट्छे चर्को गोला संसार झलझल बनी!
दूरबाट पत्ती छम्की मसीनो झर आउँछ
मकै बोल्छन् झप्प खेतमा भाषा ललचाउँछ
आज रातको खुशीयाली जन वन छाउँछ
फूल बोटको पूर्व जन्म हाम्रो झिझलाउँछ?
किनभने तीतरपङ्खी आकाशको चारी
चिचिल्लाको बाबु साउन, इन्द्रेनी ली प्यारी
कुलो कलकल संगीत महल पृथ्वीको ठाउँकला
धानका पन्ना मखमल मुना बसी गीत गाउँला!
रमरम रापलाई छम्की जलले छाया छवि ल्याउला
हरियोको राजमा कलकल मुजूर चढी जाउला।

# मधुबाला प्रकृतिप्रति

(क)

हाल मेरो गिलासमा बुलबुल मधुजल
        परी ! पिउँछु कलकल !
प्यारा हो धारो अविरल, मिलन छलछल,
        परी चञ्चल अन्तस्तल !

(ख)

वसन्तको गुलाफमा मुस्की मचल्दी !
                प्रकृति हे ! पातलो पर्दा छिचल्दी !
अर्क पार्दी बिन्दु जूनको, नीलम घोपल्दी !
                फूल कचौरा भित्र तप्काई बिन्दु झिझिल्दी !
मोहिनी ! ए मन्त्री रातभर उषा उँभल्दी !
                पिलउन पंछी, बिन्दु रङ्गमा चोभल्दी !
मधुचरी मनभरी, भर मधुजल !
                परी ! बुलबुल मधुजल !

(ग)

सोह्र वर्ष छँदी आज मैयाँ शशिकला !
सितारा‍ले झलझल केश मधुरी चञ्चला !

झ्याउ छरबर जून जलले कलकल रस गला!
एकलास महल हाम्रो, पल्लव-कुन्तला!
डुब्ने छैन संसार के दिव्य एक पल?
हाल मेरो गिलाँसमा बुलबुल मधुजल,
परी! पिउँछु कलकल!

(घ)

गिलाँस यो फुटिजाला गिलाँस नै हुन,
भरिनु नै यसको धर्म्म मधुर छचल्किन।
बिन्दु बिन्दु सिन्धु चाखी फुटी उब्जीकन,
कल्कलाउला, नाची गाउला, प्याउला अरू जन।
शिवसम्म जीवमा ओर्ले चाख्न यही जल,
परी! गौरी संझी तल।
हाल मेरो गिलाँसमा बुलबुल मधुजल!
परी! पिउँछु कलकल!

(ङ)

कणी कणी बुलबुल बोले, नाच्यो अन्तस्तल!
फूलपत्ती पुतली भै जल्दै झर्छन् तल,
पवनमा आज मेरो! जल्नु, मर्नु, जिउनु;
फुर्नुको छ इतिहास नाच्दो झलझल,
छिनछिनको स्पन्दनमा! अप्सरा ए चल!
टेकी छमछम अन्तस्तल, छमम अन्तस्तल!
हाल मेरो गिलाँसमा बुलबुल मधुजल,
परी! पिउँछु कलकल!
तिम्रो ज्वाला मधुबाला जिन्दगीको फूल!

हाल मधुजल !

(च)

आज नेपाल खाल्डो देख्छुलोचन बटुको भैँ,
साँझले मथिन् सगर, निस्किन् चन्द्र अमृत झारी,
विचित्रका खुस्बू हाली पिउँछिन् घुटुको भैँ,
नाची नाची वसुंधरा,रेशमकी पारी;
आँखाबाट आँतमा परी फूलफूल भाव उब्जे !
पहिलो प्यारका कथा बोल्ने कोयली स्वर बिउँझे !
आज स्वर्ग पृथिवीको प्यारको कथा खिलखिल !
हाल मेरो गिलासमा आदिरस भुलभुल !
परी ! हाल अमृतजल !
हाल मेरो गिलाँसमा बुलबुल मधुजल,
परी ! पिउँछु कलकल !

# आकाश-गंगा

(क)

मिरमिर बग्दी आकाश-गंगा !
साउन सगरमा ।
पदार्थकी धुलो होउ कि ?
कल्पनाकी खोला होउ कि ?
असंख्य छन् बालुवा तिम्रा बगरमा !

(ख)

झिलझिल दानो टुक्री सानो,
पन्ना रहरमा !
गुँड लाएका कीरा हामी
हेर्छौं तिम्लाई सास थामी !
आश्चर्यका छाल छन् तिम्रा नहरमा !

(ग)

हाम्रा युग सब निसास्सेर
पौडे लहरमा !
कल्पनाका पङ्ख पारी
बग्छ्यौ, ज्ञानै जिल्ल पारी !

कुन डाँडामा जन्मेकी ?
धुन चैँ सागरमा ?

(घ)

झिलझिले यो, खेल्ने कुन हो ?
केको रहरमा ?
कसको नीलो मनको झिरझिर ?
ज्योति पन्छी उड्दा भुरभुर ?
फुर्दा फुरफुर भाव झैं, मिरमिर कुहरमा ?

(ङ)

निकटवर्त्ती छरबरवर्ती
नैश पहरमा
पूर्ण झलमल बाटुल हीरा
चौडा पार्छन् आँखा मेरा !
मुटु थाम्छन् सैकतकणी तिम्रा बगरमा !

(च)

कोही आज फुरिरा'छ
भाव भुँवरमा ?
अनन्तकी कविता ए !
बग्छ्यौ झिम्की सविता ए !
किरमिर बगी लहरी नील अम्बरमा !

(छ)

उसको मुटु मेरो मुटु

छन्छन् छहरमा !
अनगिन भाव मेरा चल्छन्
उसका आकाश माथि खुल्छन्,
अनन्तका दुइटा पुछार मिल्छौँ रहरमा !

# वियुक्ता

(क)

भनिदेऊ प्यारालाई ! बादल घेरिरे'छ !
साउन झरीरे'छ !
बाढी उर्लिरे'छ !
भनिदेऊ प्यारालाई कोही मरिरै'छ !

(ख)

निबुवाको फूल फुली आशा मात्र सेती
कीराहरू गुँड लाउँछन् जरालाई भेटी,
बुलबुल उड्न लागिसक्यो रोई गला रेटी।
दिलकी पत्ती पुतली झैँ जली झरिरे'छ,
कोही मरिरै'छ !

(ग)

राती चिता संसारको खरानीमा जाग्छे,
दुःख एउटा जलाउन्न आस सारा माग्छे,
वेदनाको पहाडमा सम्झनाको झिलझिल,
पानी, आगो दुइटै बन्छ, जिउँछे, मर्छे पलपल !
तकिया यो लाख युगको ढुङ्गो भइरे'छ !

झुठी आशा साँची बनी घिरघिर थामिरे'छ!
कोही मरिरै'छ!

# ए सुन्दर ! चढाउँछु यो बाली

(क)

ए सुन्दर ! म छालमा छु, आशा छ उकाली, ओराली !
झलक्क ! झल्केर अल्प्यौ, आनन्द आश्चर्यमा हाली !

(ख)

ती क्षणको मोल छैन, जसमा तिमी झलझल !
अरू क्षण तृष्णा खालि, कल्पिएका, जलजल ! !
झल्किएका निमेषको ताजूबीलाई पाली,
जगत्लाई जिल्ल पार्छु, पागल कथा हाली !
ए सुन्दर ! यो मेरो कलकल, तिम्रो छ पयरको पखाली !

(ग)

प्रकृतिको दायाँ हात, जीवनको बायाँ,
विभूतिको पोशाकले सजी विश्वकाया,
अनन्त र अल्पलाई अदलबदल गरी,
आउँछौँ हल्पी ऐना भित्र बराबर झरी !
ए दूरका ! निकटवर्ती ! बोल्दिन्छौ एकान्त उचाली !

(घ)

सानो आँखा भित्र पसी जलबिन्दुमा निक्ल्यौ,
काँप्दी भाखा भित्र पसी ज्वाला अमर झिल्क्यौ !
उज्यालाका एक पलाका चम्की झर्ने प्वाँख !
टिपी, हुन्छ जीवन धनी सँगेलेर लाख !
तरङ्गको, टकको खेती झिलझिल अमर पाउमा
चढाउँछु यो बाली सँगाली !

# कवि जीवन

(क)

प्रार्थना झैँ मध्यरातको आत्मा बनी फिर्छु,
मृत्युभित्र अमृतको बिन्दु टिपी हेर्छु !
गरललाई पिउन सिकी अमृतले तिर्छु !

(ख)

नझरेको तारा पर्खी अँध्यारामा थीर छु,
खुला दिलले आँखा खोली झुकिरे'को शिर छु !
भविष्यको ज्योतिषको छन्द पेशा गर्छु !

(ग)

निदाएको जगतको विचेतलाई चिर्छु,
आकाशमा खेती गरी सपनाले भर्छु;
अर्को जीवन जिउन भनी बेलाबेला मर्छु !

(घ)

रहस्यको मुटु उपर कान थापी हेर्छु,
अश्रुतको आश्चर्यको भाषा कानमा भर्छु,
इन्द्रियका पाले सुताई रानी–खोपी फिर्छु ।

(ङ)

तारा झर्दा प्यालाभरी मत्त दृक्को सुर छु,
जिल्ल पर्छ बोल्दा संसार ! पागल बनी हिँड्छु !
रूख झैँ हात फिँजाई, फुली झुकी रसमा, गिर्छु ।

# बढीकी विष्णुमती

(क)

स्वच्छन्दी जल-कमरबन्दी टुट्छ डाँडा बेली,
सेती नागिनी सागर लागिन्, हाम फाल्दिछु खेली,
बदलवारि गीत गाई चारी बेरोक् हुन्छु हेली,
फिँजाई झर्छु खिज्याई अचल उग्र चालको चेली।

(ख)

इन्द्रेनीको छोरो डाँफे भुर्राई अतालीले,
ढुङ्गाहरू मर्काई घर्काई ह्वाङ् ह्वाङ् हामफालीले,
आधी जल उल्टो फर्की भीरको कहालीले,
चर्काई चट्टान, थर्काई पर्वत, बुङ्ग झर्छ तल,
आदिशक्ति मैमा चढिन्, वायुपंखी बल,
जंगली छु मैलीधैली, भामिनी छ भेली।

(ग)

प्रतिजस्ती अन्धो वेगमा, पारावारकी प्यारी
हिमाल माइती छोडी चल्दी नागरथमा भारी,
सीरकको चादर फरफर, इन्द्रनीको सारी,
भाव-कुसुम उब्जाई कुद्छु किनार पूलवारी,

समयलाई गाना पारी दूरी बेली, पेली।

(घ)

खेतलाई पन्साई दुईटा हातले-पौडे भूतल भेली,
बाँकटेली दृश्यपटमा, लहर-करले ठेली,
पाउका चाँदी-चाँपबजाई, शिलाउपर छिल्ली,
शुभ लच्छिन् जान्छु दक्षिण नाच लहरे खेली,
मुगा, मोती इनाम लिन पारावारमा हेली।

(ङ)

आज मेरो हाँको दिवस, मदिराको मात,
आज मेरो छिनो मन्त्री, जागृतिको हात
आज मेरो ध्वंसधूमिल प्रस्थानको बाढी
निर्माणको स्वपनाको फाँद ठूलो जारी,
प्रस्तरउपर विजयको पागल नृत्य भारी,
माउशक्तिको मेरो कूँद, फीँज-बुट्टे सारी,
सभ्यताका फिता फर्माई, सारी किनारेर,
सुधारङ्गको सिर्जन गर्छु, कला सिँगारेर,
ब्रह्माकी म ज्येठी छोरी, विश्वमित्र–चेली।

(च)

युगधारा ध्वंस-नारा जलकी आरा-पथमा,
समतल मैदानतिर, अनियन्त्रित रथमा,
विष्णुमती नाम मेरो, शान्त कुइरी झरें
खम्बा फोर्न नृसिंहको नखले चट्टान चिरें।
पखालेर वायुमण्डल, डाँडा ताछी सारा,

खडेरीलाई धनु हानी, बम्कें भीरद्वारा,
खतराको कहालीमा सौकको मै धारा,
दङ्ग संसार दङ्ग वेगले हेर्छ मेरो लम्काई,
झार मुनाका निम्ति झरें चीसा चुली हप्काई,
जल—सुदर्शनले चिर्छु चोभार—डाँडा झेली,
प्रगतिको पुराणलाई उच्च स्वरले भेली।

# कोइलीलाई

(क)

झल्याक्‌झुलुक् फूल वनमा झल्क्यो कोही छाया,
किरणको छिनो ले'को परिमल-काया!
हल्का चोट आयो कानमा दिलले बोल्यो "ओहो!"
भावनाका पत्तीबाट तैँले बोलिस् "कोहो?"
कोइली! तैंले बोलिस् "को हो?"

(ख)

मानिसको हृदयमा कोइलीको ध्वनि,
पहिलोगुलाफ फुल्दादेखिन् आजसम्म पनि,
आहटले झस्के जस्तो, झझल्कोले छोयो!
आश्चर्य नै फूलमा मुस्की, अबोला भैरह्यो!
केवल मुटु भेट भई मुटुलाई कह्यो!
दिलले बोल्दा बोल्दै "ओहा!" तैंले सोधिस् "को हो?"
आँखा, कान जिल्ल पर्छन् हेरी दायाँबायाँ!
झल्याक्‌झुलुक् फूल वनमा झल्क्यो केही छाया!

# ताराहरूसँग

(क)

नरूँ? तारा! हेर, हेर,
नरले पाऱ्यो नर,
कस्तो बरबर बा! कस्तो बरबर!

(ख)

गोल आँशू ढीका सरी,
डोल, जली, पर!
हाम्रो यही घर बा, हाम्रो आँशू घर!

(ग)

बेहोशमा सुन्छ मानिस,
आज दिनभर!
बिग्रिएका सपना छन्, हेर! नभचर बा!
हेर नभचर!

(घ)

भाका, भुल्ने करले, भुल्यौ?
मौन दर्शक वर!

हेर्नु पनि ज्वलन छ, आज नरको घरबा !
आज नरको घर !

(ङ)

काँच दृगले काँच दृगलाई
हेर्छन् पृथ्वीचर !
लाचारी छ ! क्यै नबोले, सृष्टि मर्ली नत्र बा,
सुनी तिम्रो स्वर !

(च)

ठूला रुखले पहेँलपाते
सडाइरा'छन् हर !
सक्तैन नि मानिस गर्न, मानिसको भर बा !
मानिसको भर !

(छ)

स्वर्ग बिन्दु ! तिमी मनि
मर्दा, मार्दा, नर
झस्किरा'छन् दुःस्वप्नमा, ज्योति भई झर बा !
ज्योति भई झर !

(ज)

रातले पोती काली मुखमा,
सर्मोस् भनी नर !
ठूलो माछे सानो खान्छ, यो जलको घर बा !
यो जलको घर !

(झ)

बिस्फोट भो भूको मुटु,
मात गिदी भर!
प्रलय भैँ रात छ हरे;ज्योति नयाँ छ र बा!
ज्योति नयाँ छ र!
भूलाई जनि गर बा! भूलाई जनि गर!

# बच्ची र प्रौढा पृथिवी

(क)

बालक पृथ्वी परी– वनमा रमाएर गाइन्,
हरेक वस्तु जिउँदो देखिन्, नशा छामिन्, पाइन्।
मीठा, मीठा कुरा गरी, हाँसी खेली आइन्।

(ख)

प्रौढा पृथ्वी कल्पनाको थकाइमाधाइन्,
जोखिन्, तौलिन्, गणित नरिन्, मुर्दा वस्तु पाइन्,
जिल्ल परी आइन्!

(ग)

मलाई देऊ परी-वन त्यो बालक पृथ्वी चाहिन्,
कल्पनाको कुइरो वनमा इन्द्रनी जो लाइन्!
गिदीभन्दा हृदयको प्राप्ति मीठो चाहिन्।
सिँगुलो छ खोजको दिल, मोहनीले छाइन्।
बालक पृथ्वी परी-वनमा रमाइएर गाइन्!

# एक बिहान

(क)

बिहानको नीलो सिलेट्, कसको करले लेख्यो ?
लाख भाव नौलो भाका, जो यो दिलले देख्यो !

(ख)

लाख भाव, नौलो भाका, काललाई गरी मन्तर !
खल्बलाई चराचरको अन्तरको अन्तर !
के के बुझ्थे पशु, पंछी, पहाड र समथर ?
तर मानव बिउँझी पढ्यो तीनै अक्षर "सुन्दर !”
हृदयले गुरूलाई नमस्कार फेँक्यो !

(ग)

त्यो भाकालाई सिक्न खोज्यो जुगजुका आँखा !
त्यो ध्वनिलाई उच्चारन जन्मे धर्म लाखौँ !
हिउँचूलीमा व्यास चढे, ब्रह्मा सगरमाथा !
एक चूलीमा छिर्की मुटु पढ्थ्यो एउटा पाठा ।
एक पन्छीले चोरी लग्यो गुँडमा कथा भन्न ।
बाँदरहरू देउता भए थोरै सकी सुन्न !
एक पलामा विश्वको सब मोहनी नै लेख्यो !

रात भागी ! आत्मा जागी ! विश्वास खुट्टा टेक्यो !
पुष्पजलले परिमलपद अभिषेक्यो !

# बिहानी बिगुलध्वनि

(क)

पूँ पूँ पूँ! सुन्दछौँ बिगुल? नेपाली! बिहानी हावामा?
देशात्मा बिभाति बोल्छ, ए वीरहो! निर्माणको धावामा!

(ख)

सृष्टिदेवी इशार्दछिन् किनारामा मुस्की!
चढ्नु छ त्यो सगरमाथा, मृत्युसँग जिस्की!
बिउँभी उठ्दो राष्ट्र-दिलले कुर्ली गर्छ दावा!
विश्व-शिव स्वर्ण मन्दिर रच टाकुरामा!
तात्तातै सुनले जलप, उम्लेको स्वर्गको तावामा!
पूँ पूँ पूँ! सुन्दछौ बिगुल नेपाली! बिहानी हावामा?

(ग)

फुस्रिन् जून, विश्रान्तिकी रानी, डाँडामाथि!
सुस्ती जस्तो पाप छैन यस बेंलाको, साथी!
कुइरो फार्ने पंख चलाऊ, कर्ममुखी जाति!
ऊँचाइको चुनौतीमा फुलाई चल छाती!
पसिनाका, यी रत्न जड्ला, भविष्यले महलका टेवामा!
पूँ पूँ पूँ! सुन्दछौ बिगुल नेपाली! बिहानी हावामा?

(घ)

ज्योतिदेवी रागेपाटे चूली चढी, खेदी,
अन्धकारलाई दुन्मनाउँछिन्, घाइते पारी, बेधी !
किरण शुरू गर्छन् लडाइँ, बादल छिछिरेर !
जनाउ दिन्छन् डाँडाकाँडा ध्वनि दोहरेर !
बोल 'काली !' दानव दलमा ! प्रकृत छन् उघ्रँदो आँखामा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल नेपाली ! बिहानी हावामा ?

(ङ)

हाइहाइ पछि बढिरैछ दुश्मनको कदम !
आलस्यका किनारमा ढ्याँग्रो उसको ढम्ढम् !
एयिशाली छाउनीले खीपलाई शस्त्र भिऱ्यो !
घच्घच्याउँछन् प्रात लहर, उठ ! निशान बढ्यो !
आकाश खुल्दा, सुत्दैनन् कहिल्यै, नेपाली, निद्राका गुफामा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल ? नेपाली ! बिहानी हावामा ?

(च)

यो हो नेपाल-आत्मा बोल्दो, जनयुगध्वनि !
राष्ट्रको यो पताका हो बोल्दो, गगनमनि !
नेपालीको गहिरीको आवाजको गुँजन !
निर्माण र जागृतिको युग समुद्घोषण !
शान्तिको यो, आरोहण रण हो, एशियाको लाजको दावामा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल ? नेपाली ! बिहानी हावामा ?

(छ)

आज हाम्रा शक्तिबर्फ पग्ली कुद्ने किरण !
जान्दो रूधिर स्नायु छाल्ने, कर्म-स्रोतवरण !
अभावमा आज हाँक, रोग व्याधि मरण !
छिनोको छ मन्त्र-पूजा गौरवको स्मरण !
काली-रानी-कुर्बानी-विजय, आज हमला अँध्यारा किल्लामा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल ? नेपाली ! बिहानी हावामा ?

(ज)

ध्वनि ध्वनि बोलाउँछे, आत्मा आत्मा लहर !
छाँगा छाँगा, गुफा गुफा, गजूर गजूर, शिखर !
पूर्खा सन्तान अतीत अब; आज भोलि जबर !
अगोचर बोलाउँदछ गोचरको रहर !
यस युगको चुनौती बोल्छवीर ! आजको यो स्वदेशी हावामा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल ? नेपाली ! बिहानी हावामा ?

(झ)

होश जस्तो ढाल छैन, जोश जस्तो असि !
अर्पण जस्तो साहस छैन, बढ्नु जस्तो खुशी !
कर्म जस्तो कदम छैन, मर्म जस्तो आँखा !
निर्माण झैँ धर्म छैन, विजय झैँ भाखा !
प्यार देशको, अपार अमृत ! मरी, जिउँला जनका भावमा !
पूँ पूँ पूँ! सुन्दछौ बिगुल ? नेपाली ! बिहानी हावामा ?

# धिक्कार र धन्यवाद

(क)

धिक्कार छ कुक्कुर ! तँलाई ! चेपारे ! च्यैच्यैमा भुलेको !

(ख)

ब्वाँसालाई निन्दा गर्छु, फ्याउरालाई थुक्छु,
हात्तीलाई तारीफ दिन्नँ, बाघभालू ठोक्छु,
पाठोलाई प्यार गर्छु, काँधमाथि बोक्छु,
कमीला र मौरी अघि आदरले भुक्छु !

(ग)

धिक्कार छ बिरालो तँलाई ! अँध्यारामा चोर्नमा डुलेको !
धिक्कार छ लूले जुठन थापी, चाटी, भुल्ने !
धन्य छ त्यो दाहिने हात युगद्वार खोल्ने !
धन्य ! गुलाफ शहीदीको ! रक्त दिई फुल्ने !
धन्य ! डाँको बेरोक भै हामफालेर बोल्ने !
धिक्कार छ मकैको जूँघा, पुरुष भन्दै संसार डुलेको !

(घ)

धिक्कार रे क्षणदास ! धन्य काल नाघ्ने !

धन्य फटिक ! देशज्योति जगमगाई जाग्ने !
धन्य बादल ! आफू दिने ! धन्य रूखका हाँगा !
धिक्कार छ अजिङ्गर ! अल्छी हसूर डाँगा !
धिक्कार छ बनस्पति झार, कुरो, काँढो !
धिक्कार छ सिंगारेको पुतली ! ए माटो !
धन्य ! धन्य ! ती तारा जो आफू जल्दै अरुलाई लगेको !

(ङ)

धन्य बिहानीकी चरी ! पहिलो पटक बोल्ने !
धन्य ! पहिली चूली जो छ पहिलोकिरण जल्ने !
धन्य ! सगरमाथालाई ! संसार जिती उठ्ने !
धन्य ! ती सब यात्री जो छन् तीर्थचूली चढ्ने !
धन्य ! धन्य ! अमर ध्वनि गुफा, गुफा, गुँज्ने !
धन्य ! बाँस देशी हवा पिई मीठो बज्ने !
धन्य ? बत्ती जो निभ्छ भूमा, स्वर्गमा गै बाटामा बलेको !

# आशावादी नेपाल

(क)

उज्यालो नेपाली! हाम्रो जीवन!

(ख)

वीर पूरूखाका चिहान हिउँ भई हाँस्छन्,
खतराले चम्केका ती, निराशलाई छाँस्छन्!
यसतर्फ अँधेर हुँदा, नाघी, उता बास!
उसतर्फबाट आई, यसतर्फका भास!
अँध्यारो नेपालमा कहिल्यै हुँदैन।
गौँथली वसन्ती हाम्रो जीवन!

(ग)

बाटुलो नेपाली! हाम्रो गगन!
इन्द्रेनी आधा छ उता हेरन!
हिउँद छ वसन्तलाई, रात, बिहान, लागि!
जिन्दगी छ खतरामापाउन स्वयं त्यागी!
साँझको बादल लुकाउँछ उदयको द्वार!
दुःखकाँढा भरी फुल्छन् सुक्ख बास्नादार!

काँढामा नेपाली ! हाम्रा कुसुम !
आँधीमा नेपाली ! हाम्रा मौसम !

(घ)

माटोमा बीजको ज्योति-भजन !
पूर्णको नेपाली ! हाम्रो स्मरण !
छाया फ्याँकी पछिल्तिर, बोट घाममा चढ्छन्,
हिलोभित्र कमलले ज्योतिजगत् चढ्छन्,
शिशिरको बतास आए, वसन्त छ अघि !
सूर्य-आत्म हराउन्नन्, पातालमा पुगी !
शून्यलाई तारा छर्ने जादूगरको हात छ !
जहाँ छाया झल्किरैछ, त्यहाँ छवि नाच्छ !
हाँसी देऊ ! नेपाली ! आउँदा दुर्दिन !
बादलमाथि छन् सूर्य-किरण !

(ङ)

ढुङ्गामा नेपाली ! जल झल्कन !
लोहा छ नेपाली ! आगो झिल्किन !
कालको ठुङ मार्न हाम्रो रामनाम मलम !
दुश्मन मार्न खुकुरी छ, काल मार्न कलम !
थाहा छ सब नेपालीलाई वीरको सधैँ जीत !
मुटु भए छातीभित्र, सत्यसँग प्रीत !
अनन्त ! नेपाली ! हाम्रो भवन !
चूलीको उकालीमा गाउँछ पवन !

# वर्षाको रातमा

(क)

स्वर्गबाट रसबिन्दु झर्छ सिमसिम, सरसर !
हरियोको हावा-नाच ! झिलझिली छ तिरमिर !

(ख)

आज पर्व आनन्दको भूवासीको सारा !
दल-उछलन आज, छीटा पाउका धारा !
कैँ कैँ स्वर ब्याङ बोल्छन्, जीव सुख नारा !
किरकिर बोल्छन् अनगिन कीरा बर्खा-चारा !
प्याला भरी जीवनको, हृदय छ फरफर !
स्वर्गबाट रसबिन्दु झर्छ सिमसिम, सिरसिर !

(ग)

लहर अघि चलिरा'छ, पृथ्वी पूर्व घुम्छिन् !
घडी टिकटिक गरिरा'छ रातले कोल्टो फेर्छिन् !
कृतज्ञता अन्ध बनी गीतगाई फिर्छिन् !
अघि, पछि नहेरेर मस्तानीको सुर छिन् !
मानिस केवल सोच्छु म एक-तिहार छन् अस्थिर !
स्वर्गबाट रसबिन्दु झर्छ सिमसिम, सिरसिर !

(घ)

मधुबाला ! 'घुम्टो खोल' भन्नेमै छु एक !
जब गर्छ्यौ प्यास राजा रसले अभिषेक !
ज्यादै भागेँ प्रकृति ! कि ? – रहस्य झैँ मुस्की
'पीपी' भन्छ्यौ जुरेलीको जिभ्रोबाट फुस्की !
तृप्तिलाई प्रश्न सोध्छे जिज्ञासाले किरकिर !
स्वर्गबाट रसबिन्दु झर्छ सिमसिम, सिरसिर !

(ङ)

मातको छ मीठो धन, चोरको पर छाया !
एक क्षण स्थिर छैन दामिनीको काया !
क्षणलाई अनन्त द्यौ ! अनन्तलाई क्षण !
मभित्रको मनुष्यले माग्छु तिमीसँग !
जीवनको मात पिई माग्छु सुधा शीकर !
स्वर्गबाट रसबिन्दु झर्छ सिमसिम, सिरसिर !

# जूनकीरीलाई

(क)

जुनकीरीलाई ! कत्रो आशा ? संसार अँधेरो छ !
सगर बदली, प्राण छैन ! उड्दो चमेरो छ ।

(ख)

"साहिँला बाजे ! तारा–चेली, धप्प धिप्प कणी ?
महानन्द बाल्नु सानो सर्वस्वको मणि !
विजयको तृप्ति भन्दा संघर्षको रस,
चर्को हुन्छ, मीठो हुन्छ ढाक्छ दिशा दश !
अनन्त छ म, तर भेदको इशारो छ !"

(ग)

"ज्योति मेरी बैरक भेरी, आशाभेरी भाषा !
झल्याकझुलुक हारजीत, जीवन-मरण खासा !
अल्पी झिल्कैँ, झिल्की अल्पैँ, ही हो अमर गाना !
अँधेरीका साम्राज्यमा विशाल बलवा साना !
निभ्नाले म हार्ने छैन, आत्मा उज्यालो छ !"

(घ)

"सानो झारमा ज्योति–पारामा सानो स्वर्ग रची,
आफ्नो कूनु उज्याल्नुमा ज्योति जीवको खुशी !
अदृष्ट यो अल्प, कवि–मन–उपवन !
एकान्त यो चम्काएको राम्रो छ कि ! भन !
चर्को क्षणको मूर्ख झिलझिल, आत्मा उडेको छ !
हरियो यो रश्मिगानमा प्राण छुटेको छ !
विशाल संगीत ताराको छ क्षुद्रचरन यो छ !
जल्नुको यो प्यास खालि चर्को मधुरो छ !"

# गोसाइँकुण्डको यात्री

गोसाइँकुण्डबाट जल आठ तह झर्छन्
हज्जार रङ्गी सरीगम सारा जीवका सुर छन्!
माथिबाट के झरेको गरा, गरा, ओर्ली?
भन्दै जलले मूल सम्झी! जिज्ञासाका सुरली!
शिरलाई कल्पैँ इन्द्रेनी भै, लाख रूपमा पाएँ!
अठारनै पुराण बोलेँ, चार वेदमा गाएँ!
स्वरका झरी लोरी लागी चरी देख्थी सपना–
चन्द्रधर बसिरे'का पार्वतीका सँगमा!
दर्पणले आफ्नो रंगको प्रतिविम्ब लेला।
तर शिरमा अद्‌भुतको अवधूत होला।
भावनाका यात्री कदम, स्वपनाको दर्शन!
तीर्थ गर्न बादलसँग तृष्णा पहाड चढ्छिन्।
गोसाइँकुण्डबाट जल आठ तह झर्छन्!
हज्जार रंगी सरीगम, सारा जीवका सुर छन्?

# हिमालको प्रेमजोगीको गान

(क)

बैँसको त्यो रंगी वनमा तिम्लाई देखेँ पहिले !
तिम्रो शोभा दृक्-प्यालाले मातमा पिएँ मैले !

(ख)

मानवफूलको बास्ने बान्की किरणले कुँद्यौ !
लहरबेली विषयले जिस्क्याइ पारी छाले !
विश्वमित्र झस्की उठे, इन्द्रसम्म साध्यौ !
पुतली भै नाच्यो मन, चूसको ममताले !
भवर पङ्खी मीठा गीत त्यस बेलामा हालेँ !
बत्ती निभ्यो बसन्तको अकुलाएँ अहिले !

(ग)

आज हिउँ चीसा, चीसा, चूलिएको मन !
मोहिनीरूप झुल्ने लता सुकेकी छ भन !
रूपमा झल्की बैँशवनमा मीठो इशाराले
अल्पी दियो ? के गरूँ म मूर्ख बेचाराले ?
कालको यो साम्राज्यमा, आँखाभरी जल,
काँढा कुल्ची लाग्छु पछि, तिमी संझी, तल !

मृत्यु हेर्ने वेदनाले अमृत भर्जें अहिले ?
प्यारकी फल वैली मरिन्, बास्ना राखी जहिले !

(घ)

आज तनमा खरानी छ, त्रिशूल छ हातमा;
हिमालमा पलैँटी छ, गंगा नदी घाटमा;
सुन्दर मर्छ भन्ने मानवदिलले कहाँ मान्छ ?
घाउ लिई सन्तोष छैन, मलमतिर जान्छ !
विशालको छातीभित्र लुकेकी ती ज्योति
मेरी पहिली ईशाराले खोजले फेर तान्छ ।
प्यार मेरो फैली ढाक्छ गोचरको घेरो ।
अनश्वरले नश्वरलाई कुल्ची उठ्छ मेरो !
तृष्णा जसले जगाइदिथिन् तिमीमा छन् अहिले !
तिनीसँग गुँड लाउँछु तिम्रो उरमा मैले !
बस्छिन् तिम्रो स्पन्दन ती, गाँस्न मलाई झरिन् ।
मिलन होला, तिमी र म एक हुँला जहिले !
बैँशको त्यो रंगी वनमा तिम्लाई देखेँ पहिले !

# नखलिस्तान

(क)

यात्रा गर्छन्, तिर्खी जल सारा जीवका प्राण!
लाख मृग-मरीचि छन्, महामरूस्थान!

(ख)

कोही ठाउँ छ, कोही ठाउँछ, खजूर फल्ने खासा!
भारीतारी बिसाइको हरियो झैँ आशा!
पारावार-पन्छी पवन जहाँ शीतल दूत
तृप्ति कानेखुशी गर्छ, स्वप्ना गरी लूट!
तिर्खाहरूको लक्ष्य जहाँ जल झलझल छ!
परेलापाते थलमा,– जस्तो मानव-दृगमा जल छ!
गुमेका सब आशा जहाँ पंखमा छन् फुरफुर!
प्याराका जोडी चुचेलीमा बोल्छन् जहाँ कुरकुर!
त्यस ठाउँमा दयालू एक साधु बस्छन् जान!
यात्रा गर्छन् प्यासीजल, सारा जीवका प्राण!
लाख मृग-मरिची छन् महामरूस्थान!

# हिन्दू-विधवा

(क)

पंचप्राण पंछी मेरा क्रन्दनका गला !
फर्फराउँछन् पालको गाना, तरणी छ दिल !

(ख)

आँखाअघि सार मेरो,
चरी नाउमा चढी
विश्वासको बहना छ !
धर्म्म, दिशा छडी !
छिनछिन हट्ला छोप्ने घेरो,
प्यार खियाइ बढी !
कहिले होला मिरमिर धर्को ?
उस किनारको घडी ?
अमर चरी चखेवीलाई
ए पल ! अघिचला !
पछ्याइ चलेँ अमर आत्मा
लगन यता नला !

(ग)

माझी कृष्ण ! पालमा बस !
बोलाइरहीछु भला !
लौन चाँडो पुऱ्याइदेउन !
ती पर्खेलो थला !
संसारबाट ओर्लें जलको
सागरमा खुला !
दुइ दिलको भेट कहाँ छ ? वृन्दावनको थला ?
पंचप्राण पन्छी मेरा, क्रन्दनका गला,
फर्फराउँछन् पालको गाना, तरणी छ दिल !

# मेरो नरोपिएको खेतअगाडि

(क)

बदली दिन रायो मन ! हिलै थापेँ छाती
मैलो हिलो नमानी हे ! कुल्चिदेउन जाती !

(ख)

हरियो एक अंकुरको झुप्पा लिई हातले !
मेरा जलमा गीत गाइ आउन, रोपाइँको मातले !
बाँझो भएँ यस्ता दिनमा, अरू हुर्के साथी !
बदली मन रोयो भन ! हिलै थापेँ छाती !

(ग)

आज मेरो खेतलाई बिर्स्यौ तिम्ले किन ?
दिनको उज्यालोमा होइन, रातमा रोप्छु भन !
जराको त्यो छामछाम छुमछुम जाली पर्ला जब,
मट्टीको यो जिन्दगीमा रस आउला तब !
जगत् देख्ला माटो पन्ना, रोपे तिम्रो हातले !
पसाई, पाकी, बाला झुक्लान् जलबिन्दु साथले !
जगतको अनिकालमा हिस्सा आफ्नो पाटी,
बोलाउँ जगत्, बाली काटी, "गजब रै'छ माटी !"

बदली मन रोयौ भन ! हिलै थोपेँ छाती !
मैलो हिलो नमान हे ! कुल्चिदेउन जाती !

# साँचो हराएको बेला

(क)

तिम्रो द्वारको साँचो मैले खसालेँछु कहाँ ?
द्वार मलाई हप्काइ बस्छ बन्द बनी जहाँ !
"कस्तो निठुर ! बिर्स्यो हरे !" रून्छ्यौ तिमी त्यहाँ !

(ख)

स्वर्गकी छौ ज्योति तिमी, तिम्रो, मेरो पर छ !
एकान्तमा हामी मिल्थ्यौँ, निषेधको बार छ !
एउटा साँचो गुप्त थियो ! सूनसानमा प्यार छ !
भीडमा डूली खसालेँछु, आजबन्द द्वार छ !
खोल्न खोजेँ खुलेन है ! आँसू भरमार छ !
संभी, जीवन सत्को आँचमा ढाली आउँला यहाँ !
तिम्रो द्वारको साँचोमैले खसालेँछु कहाँ ?

# पुष्पक्रन्दन

(क)

ए बादल ! सागरको दूत ! छाया दे ! झरझर भरिदेन !
कविका हुँ फूलका बोट, करूणा हे ! बरबर छरिदेन !

(ख)

सेतो किरण फोरी झऱ्यौँ मोहनीका रँगमा,
सुन्दरको निम्ता दिन पृथिवीका जनमा !
भाषाबोल्यौँ सुगन्धको, काँढा सही जली !
खडेरी छ कवि वनमा; जल्छ धूप, धूली !
सुकुमारी कलेबर मर्छौं ! ए राजा ! रसले भरिदेन !

(ग)

हावा धोइदे ! पखाल् आकाश ! प्राणवायु फिरा !
तैँले आकाश बिर्सिदिए हामी सुक्छौँ बरा !
गभीरको तेरो ध्वनि, न्यौछावरको इंगित !
जलशायीको भाव-बाफ तैँमा अभिव्यंजित !
चट्काइदे मूर्छाको कंचट ! फूल मर्छौं ! गर्जेर, झरिदेन !

# मान्छे खोजें

(क)

मान्छे खोजें घर, घर, मैले
पर्दैन नि फेला हो !
काहीँ ताजा घाँसको थुप्रो !
कहीँ किर्लिङ मिर्लिङ झुप्रो !
छैन है, मान्छे बिलायो !

(ख)

क्यान हो ? नेपाल खाली भाको ?
के भएको होला यो ?
सुतिरा'को मुटु छैन !
माउ ढुकढुक एउटा हुँदैन,
शास पर्दैन फेला हो ?

(ग)

एक दुइ पकपक आँ ! आँ ! गर्छ !
आँखा निथार्छु ! बेला यो !
आह ! स्वदेशी एउटा छैन !
मन्दिरमा एउटा देउता छैन !

एउटाले बिन्दु पिउँदै, बोल्यो,
"यो श्मशानको मेला हो !
पूरुखाहरूसँग विच्छेदन यो !
माउ माटोलाई धोखाबाजी !
शरीरको यो पूजातिथि हो,
आत्माको यो हेँला हो !"
मान्छे खोजेँ घर, घर,मैले !
पर्दैन नि ! फेला हो !

# माग्नेसँग

(क)

ए माग्ने ! तँ रून्छस् किन ! मान्छे होस् हकलेर, गर्जी जा !
करूणा हो देउताको दान ! कलियुगमा ? फलामको मर्जी बा !

(ख)

आज विश्व बारूद पैसा, आज थिति विषम !
आज नेपाल पहाड, खाल्डो, गरम औ नरम !
मुनाफाको आज वेग, चातुरीको रथ !
सुदामाको वृत्तिको पो आशा गर्छस् तँ त !
ए माग्ने ! वर्षन्न बादल ! ए चातक ! गरूड नै घर्षी जा !

(ग)

बुद्धदेवढुङ्गा बाँकी, कृष्ण तस्वीरमा छन्,
ईशा आज व्यापारीका नेकटाइमा झुल्छन् !
कौडीको छ आज पूजा ! भावको छ दहन !
'मान्छे छ कि ?' भनी खोज्ने तेरोकस्तो लगन ?
घचघचा ! यो घर छ खाली ! छाया छन् मिल्दैन तर्सी जा !
ए मान्छे ! तँ अन्ध रैछस् ! सत् छैन ! औलाले तर्जी जा !

(घ)

यहाँ बस्छन् काँचका आँखा, काँचका आँखा हेरी,
कहाँ बस्छन् पहेँलपाते,पहेँलपातलाई घेरी
त्यहाँ बस्छन् खरीजूगा ? यहाँ छैन दानो !
त्यहाँ गए हात छैनन्, ढुकढुक छैन मानो !
वर्षिने बादल हो सपना ! बज्रै हो ! तँ इन्द्र चट्की जा !
लौरो फ्याँक् ! चढी दे आँधी ! हे हनुमान् ! के झुक्छस् ! गड्की जा !

# प्रेम-परी

(क)

प्रेम-परी आर्लिइन्, रङ्गीन बादलबाट,
गुलाफको फूल ली, तालछेउ झरी !
पहिलो रश्मि साथमा मुस्कुराई बातमा,
'नाच्न लागिन् भू' भनी, 'सूर्यवरीपरी !'

(ख)

कल्पबल्ली कमरबंदी कल्पनाको केश !
सप्तरङ्गी जुहारले सिँगारेकी बेस !
प्रेरणाको पंख चलाई, भावनाको बेश !
संसारभित्र संसार सिर्जिन्, स्वपनाको देश !
जब चट्ट ढुकढुकीमा ओर्लिन् जीवभरी !
स्वर्ग चिन्यो छिनले, अमृत पियो मनले, ढुक्कुर कुर्ल्यो वनमा,
गाई मनपरी !

(ग)

बादल थियो सृष्टि धूली, रूपमा बली बोल्यो
स्वर्ग, पृथ्वी बिहा गर्छन् ! लगनगाँठो मिल्यो !

माटोको भो स्वभाव काँढा, स्वर्ग फूलमा फुल्यो!
गुलाफ रोपिन् संसारमा, प्यारको बास्ना चल्यो!
चाँप उनका बज्न लागे गङ्गाजल भरी!
शहीद भए दिल रे, जीवन भए जल रे,
अनन्त र पल मिले, चुम्बन गरी गरी।

(घ)

उषाकालमा दर्शन पाएँ, टाकुरा नै धप्क्यो!
'जली मर्नु अमृत' सिकाई ज्वाला घन लप्क्यो!
बेली फूलले दम्पतीको जीवन गरी शुरू!
हृदयले भन्न लाग्यो, 'कसको निम्ति मरूँ!'
मभित्रको मानिस खोज्थ्यो स्वपनाकी परी!
स्वर्ण क्षण जीवन पाई पहिलो दर्शन,
रोमरोम हर्षण, जादू मिठो फुरी!

(ङ)

मृत्यु तब अमृत भयो, दिनु भयो लिनु!
आत्मा भो अर्पिनुको आनन्दको चिनु!
संसारका पत्थरमा चले जलका छिनु!
स्वपनाको बाटो पाई विपनामा हुनु!
प्यारले पर्सी नअर्पेकी जिन्दगी नै मरी!
प्यासको मीठो तालमा, उषा हुँदा झ्यालमा,
न डुबेको दिलचरी, भस्म भई मरी!
प्रेमपरी ओर्लिइन्, रंगीन बादलबाट,
गुलाफको फूल ली, तालछेउ झरी!

# अमर जोडी

(क)

बैँसको जोडी हुँ स्वपनाका माली, मयालै !

(ख)

संसारको खोलो–शिर, हृदयको थाली !
फूलका केसर हामी दुई, सुगन्धको भाषा !
राधाकृष्ण मुटुमा छन् चचहरी खासा !
हामी स्पन्दन पृथिवीका, प्यारका पंख-जाली !
शाश्वत लीला हामी दुइको, ढुक्कुर-कथा हाली मयालै !

(ग)

हिउँगोरी पार्वतीले हिमालका थलमा,
पहिलो पटक पुरुष भजिन् यै गङ्गाका जलमा !
उनको लाली पहिलो गुलाफ, पहिली तारा सिंगार !
दुइ आँखामा ज्योति चम्के, सूर्य, शशी, जुहार !
केशरकणी स्पन्दी चन्द्र केशरकणीतिर,
त्यस दिनदेखिन् आजसम्मन्, उनको बास्नाचाली ! मयालै !

(घ)

बिजूलीका दुई छेउ, चुम्बकका ध्रुव,
गजत् सारा सन्तुलित छन्, हाम्रा निम्ति, खूब !
संसारका हरेक युगको यही उपन्यास !
यही जुगांजुग चल्न मानव-इतिहास !
संसार बन्यो दुइ जनाको कानेखुशी स्वरमा ।
राधाकृष्ण संगाती छन् धनी डाली, डाली, मयालै ।

(ङ)

गौरीशंकर शिखरमा एक जोडीको राज !
दुइटा ढुक्कुर रूपमा कुर्लेरानीवनमा आज !
हिजो वृन्दावनलीला, आज उही ध्वनि
गूँजीरे'छ आजले घाउ ला'को पहरोमुनि !
अनंगको बाणको छ कारखाना वनमा,
अरू कुरा कालले भेट्ला, जोडी जिउँछन् जनमा, मयालै !

# जलभुवाको प्रेमपत्र

(क)

पहाडपारी, प्यार मेरो बादलुको सन्देश नील सागरमा!
जलका बाफ, ओहोरदोहोर गरिरे'छन् हाम्रा, प्यासी पहरमा!

(ख)

यस मैदानमा किन्न आएँ तिनलाई केही मोती!
'तिनमा ज्यादा झल्किनेछु' भन्थिन् मेरी ज्योति!
गहरीमा दुइका उठ्छन् अनाकारी पानी;
बुट्टा भर्दै, दूरी चिर्दै, भावभंगी छानी!
जलभुवामा, दिलरूवामा, स्पर्श हाम्रो परस्पर, मिल्ने रहरमा!

(ग)

बिपनाको, स्वपनाको अन्तर, नील सगर!
त्यसको एक छेउ तिनको, आर्को मेरो पकड!
सम्झनाको आँधी चल्छ, छाल डगरमगर!
चोट चट्की आगो बल्छ! आँशू हुन्छ बरबर!
छुन्छौ जलको, भुवा त्यो शीतल, पत्रपत्र प्यासी खबरमा!

# लहरको बोली

(क)
जल चुलबुल हुँ,जल भुलभुल हुँ
              पत्थरउपर पछारी,
चाखले लग्छे झन्झन् झलमल !
              जानु छ डाँडाको पारी !

(ख)
चल्ने खलबल, बग्ने ढलमल !
              बाटो आफ्नै उतारी !
सभ्यताका फिता फेर्छौं !
              जुगजुगलाई सिँगारी !

(ग)
मानिसका हुँ दिलका खलबल !
              खोजी हाम्रो नित जारी !
जल मुस्केका संसार बनी,
              सर्ने स्वभाव सकारी !

(घ)

जल बुलबुल हुँ पलपल पंखी !
चपल, चञ्चल जलकारी !
क्रन्दन हाम्रो बोल्दो दिल हो !
सगर, सागर, भू चारी !

(ङ)

अटल, अटल,चालको तिर्खा,
मिरमिरदेखिन् हाम्फारी
जीवनको इतिहासलाई
लेख्छौँ लहर फिँजारी !

(च)

आकाश-गंगा छाया तरङ्ग !
जगत् रेणु किनारी,
चलिरा'छौँ, उछलीरा'छौँ !
पृथ्वी सिर्जी, सँधारी !

(छ)

कोही दुगुर्छ हामीसँगमा,
स्वपना एउटा पुकारी !
जलमा ज्योति हाम्रो जीवन !
गति हाम्रो आत्मा री !

# साउन

(क)

महिनामा छिरबिर साउन, चरीमा पञ्जरकी दिल मैना !

(ख)

स्वर्गभरी बुट्टा भर्ने साउनको वायु,
पहाडभरी पन्ना भर्ने इन्द्रेनीको पाउ !
शैर गर्छ दिलले चढी नीरमा बादल नाउ !
छिरबिर पृथ्वी 'घाम-सियाल' खेल्छिन् तल धानी !
यस्तो मीठो हरियोमा चढ्छ उनको पानी।
प्यार हाम्ले गीत गाई रोप्यौँ, असारेलाई फुल्नको दी बैना !

(ग)

सुन्तलामा साना गाँठा, भोगटेमा दाना,
दाडिमको रातो प्याला, केसरधूली नाना !
कूलो कुलकुल ! खोलो खुलदुल ! बयेलीको बचपन !
सिमसिम पानी झारी, मुस्की, दिनझल्किन्छ जीवन !
लाउँला साहिँली, तिउरीको लाल मोहर, ती नंगमा, जो चाँडो मिटोइन !

(घ)

बकैनाको कलेजिको फूलले हावा हम्की !
पृथ्वी हुन्छिन् प्यारले हपहप, बादल झर्छ छम्की !
भिज्दो मुसकान कलिलो छ बैँसका हाँगामाथि,
साँहिली ! साउन जस्तो महिना अरु छैन जाती !
अखपरी, बादलूभरी, तीतरपंखी हेर्दछन् जल-ऐना !

# जल-मेला

(क)

आज मधुर, धन सुन्दर ! जलमेला खेत र आश्मानमा !

(ख)

भ्यागुताले केँ केँ बोल्छन्, गर्दिनँ म निन्दा !
यो त जीवनको वाणी, आफै फोर्दी बन्ध !
तिनले उम्ली गीत गाउँदा, गद्‌गद् कोही होला !
ज्यानको धनी दान पाई गुनको उम्ल्यो बोल !
स्नायुबेला बजाउँ कि ? सुन्दर !
रूँ रूँ पारूँ ? गुनको क्वै गानमा ?
बैगुनै है, चूप लागी बस्नु, आज दिनमा, जीवन उद्यानमा !

(ग)

पुतलीले बत्ती घुम्छे, फट्याङ्ग्रो छ किरकिर !
झ्याउँकीरीले दिउँसै गरी हृदयको झिरझिर !
धनी संसार वर्षादको बादल बोल्थे अघि !
आज जीवन संगीतको समय हो, सँगी !
रातले कालो निद्राको पर्दा, हाल्नुअघि, फुट्‌दछु एक गानमा !
मेरो झुल्को नमीठो होओस् मीठो छ, नदेख्ने क्वै कानमा !

(घ)

प्राण वायु बाक्लो आज, बिजूली क्यै झिल्की !
प्रकृति छन् सर्सराउँदी, तारा झल्की, सिल्की !
स्वर्ग आज पखालेको, खोला आज छीटी !
श्यामसुन्दर ! दानी भयौ,जिन्दगी छ मीठी !
प्राण मेरा, उम्लेर बोज्छन्, रस-मत्त पृथ्वीका उद्यानमा !
कविता जब बगेर गाउँछे, कवि कोही गद्गद् छ आश्मानमा !

# आषाढ-संक्रान्ति

(क)

शीतल सिरसिरि, बादलु छिरबिरी,
चरीको, मिरमिरे चिरबिरी!
आ! असार! कुइरी बनकी, साँवली, कलीली सुन्दरी!

(ख)

बिहान बोल्छे सारौँ चरी, पहेँल चुच्ची, कइबार!
पालीबाट हाँसेजस्तो हुँइय्य उडी एकबार!
जुरेलीले पिउकी मीठो, भँगेरी क्या चिँउकी!
महिना सुनाई मैना बोली, लोली मिलाइदिउँ कि?
धुआँस-किनार बादल तन्की, मलेवाको बथान
पूर्व फिरफिर लहर उड्यो, म पनि पो जाऊँ कि?
बादलुको देशमा, भुसुने बरबरी,
आधी बीचमा लरबरी, झर्दछन् छिरबिरी!

(ग)

काँचको स्वर्ग, पन्ना पृथ्वी, कुइरो-विलीन डाँडा!
कोमलता मुस्की झुक्छिन् उनी बादलबाट!
तिमी अलमल असार नानी! कुइरी आकाश वनमा!

मीठो चरण, एक झमट, गुनगुनाउँदी मनमा !

(घ)

धन-बीउका पाटा हल्के बाक्लै जमराले !
पृथ्वीलाई धुसार्दिने याम भो अप्सराले !
मोती फूल भै बाङ्गीटिङ्गी सेती थुँगा फुली ।
असारेले कोपिला ली, शर्मी, शर्मी फुली ।
बैँसले कलकली, बिउँझेर चञ्चली, झ्याउरेले आँगतानी, मुस्कुरी !

# पोशाक झर्दा

(क)

राम्रो पोशाक लाएर दङ्ग, टिम्की चलेँ, चल्मलाई तरङ्ग!
गुलाफ भूइँमा, नीरका धर्का! कोमल सूत! क्या न्यानु! क्या रङ्ग!

(ख)

सिँगार मेरो जिन्दगी यो, पटार मेरो प्राण,
मनको राम्रो रंगिन गो संसार-ऐनामा न?
मान्छे मनै लुगा भएँ, खर्ची भित्री धन,
दोवालाको छलले सजेँ छकिएको क्षण!
लगे मलाई चोरले हरी, भुँवरीमा फ्याक्नलाई, भरङ्ग!

(ग)

नंगा भई उभ्भें तब, एकलासी झीलमा?
माछा आए तरङ्गका, सुनौला भै, डीलमा!
नाङ्गो बालक देख्थ्यो बाबु झल्किएको जलमा!
पोशाक झरी, औंला पक्री, घुम्न लागेँ मूलमा!
तोते बोलेँ, सोधेँ कुरा, मोहनीमा औँल्याई!
जगत् यता भन्न लाग्यो "बुद्धि तेरी बहुलाई!"
अमरबेली वनभ्रमर गुँज्न लाग्यो गुनगुन!

दुनियाँले देखी भन्यो मूर्ख शिर छुनमुन !
गुञ्जन मेरा सुन्नलाई देउता झरी आए,
पृथिवीमा स्वर्गभन्दा टूना बढी पाए।
पोशाक झरी, बराबर नाङ्गै, हिँड्छु बालक भएर क्वैसँग !
टिप्छुबोली नन्दनवनमा, अमृतको नदीको तरङ्ग !

# भिखारीको पुकार

(क)

भिखारी भेषैले आएँ, म मानव ! ए बन्द यो द्वारमा !
आँशुले पुकारी रोएँ, घच्घच्याई, मस्तीको किनारमा !

(ख)

सुतीरन्छौ, बिउँभिदैनौ, आँखा दुवै बन्द !
भूठो संसार बिचर्दछौ, जमाई आफ्नो रंग !
मेरो ढुंगा-करकर ढाड ! बुभ्छौ मखमलमा ?
आश लौरी टेकी आ'छु, बिउँभाउने जलमा !
मानव दिल बोलोस् भन्छु हामी मानव दुइमा !
तिमी भने चढिरे'छौ अन्धताको बुइमा !
फर्कन्छु, फर्कूं कि ? सुतुवा ! भस्कौला भूकम्प-किनारमा !

(ग)

शिवजीले पहिले मागे, सारा संसार डुली,
भिक्षा मिली, चन्द्र हाँसे, अमृत भारी फुली !
बेवास्ताले भोको राख्दा, दाना नदी भूली !
एक दिन नाच्न लागे रूद्र, डगमग भए चूली !
चन्द्र लुके, अमृत ज्योति, अमावास्या ठूली,

पहाड, पर्वत खान आइन्, भस्म पारिन् धूली !
फर्कूं कि ? म झुत्रे, भोको ? ए मानव ! ब्यूँझन संसारमा !

# युवकप्रति

(क)

मातृभूमि बाँझी छन् आज युवक हो! हरियो उमार!
युवक हो! जीवन-चूली, चढेका छौ, संसार उघार!

(ख)

यहाँभन्दा अग्लो जान्न जीवनको लहर!
यत्तिभन्दा चर्को हुन्न ज्योतिको रे पहर!
यस्तो अपार शक्ति हुन्न नशामा रे फेरि!
यस्तो धनी मानव हुन्न यस जुनिमा, हेरी!
आकाशमा तारा भेट! हाँक आधी घर!
तिम्रा वेगमा गरूड जन्मे, नृसिंह झैँ फिर!
हनुमान् हुन् हाँक तिम्रा! गर्जनको स्वर!
तिमी विनु गरीब छ, पृथिवीको घर!
दधीचिका हड्डीका जोड हौ! खडेरी र तपनलाई चटार!

(ग)

हिमाल हो नाँघ्ने बार, डाँडा उफ्री खेल्न!
अतीतका साह्ला ढुङ्गा व्यायाम हुन् पेल्न!
फट्का तिम्रा नदी, सागर; इशारा हुन् तारा!

मातृभूमि गाउँछिन्, घुसी तिम्रा रगत-धारा!
बूढा हेर्छन् पञ्जा तिम्रा वनिताले मुहार!
बच्चा खोज्छन् देखासिकी! युगले खोज्छ जूहार!
देउता चढ्छ मानिसमा, मानिस हुँदा जवान!
सत्यपथमा मृत्यु जित्छ, चढ्न सक्छु विमान!
आज तिम्रो, अहिले तिम्रो, कीर्तिको वसन्त बहार!

(घ)

निर्माताको हात तिम्रो, आकाशको छाती,
एक सासले फुकी उडाऊ संसारको राती!
कुइरोलाई युवकले सूर्य भई फार्ला,
आश्चर्य सब संसारका एक झिलिकमा झार्ला!
प्रगतिको झंडा युवक, धावाको हो देही
अन्यायलाई वीर युवक बस्ला कहाँ सही?
चुनौतीको सरकारको आँगन उसको खेलको!
दिक्कालले थोरै थाम्छन् वेग उसको भेलको?
मट्टितेल यो! चिराँक बाल हे! भविष्यलाई,उज्यालो उपहार!

(ङ)

अवतार अङ्गभरी, जाग, जाग, वीर हो!
भेटीभरी सबैभन्दा ठूलो भेटी शिर हो!
बलिदानी गर्जनलाई आकाश तिम्ले लियौ!
दिए जति सँधै लियौ, लिए जति दियौ!
बादल शहीदीमा सुगन्धको गुलाफ!
ऋण तिर्न पायौ धन, फूर्तिले देऊ जवाफ!
प्यार तिम्लाई पूजा गर्छे कृष्णचन्द्र देखी,

आशा भन्छे, "भेटि दिउँला भूत युगका सेखी !"
"गर्ज ! गर्ज ! नृसिंह छोरा" भन्छिन् आमा, "जगतै छक पार !"

(च)

जले जति तारा बने गगनमा चमचम !
ढले जति, गुलाफ फुले, वसन्तका समसम !
उडे जति, फेरि आए, जनमतमा बास !
अमरता दासी तिम्रो, संसार नै दास !
काललाई गिज्याई भन "होस् तँ खालि छाया !"
ज्वालालाई केको हुन्छ इन्धनको माया ?
देशकुसुम ! अर्पणका ज्योति ! ए सुन्दर ! सुगन्ध फिँजार !
संसारको प्रगतिरथ तान्ने तिम्रो शाश्वत व्यापार !

# पन्छी

(क)

यो गुँडमा निदाउँछ पन्छी निशि चीसो !
मिरमिरमा उडिजाला !

(ख)

विशालको वनभित्र एक हरियो हाँगो !
त्यसको बिँगाबीच, उडी, बास बस्न आ'को !
खोज्यो झींझा बासनाको, न्यानो हुन, राख्यो;
मायासँग पारी फुल, पँखेटाले ढाक्यो !
तरङ्गिन्छ सपने पन्छी ! आँधीमा सुतेर, मतवाला !

(ग)

सँधै छैन बस्नु पन्छी ! पहाडपारी पथ छ !
के यो तेरो सपनामा शिव, सुन्दर, सत् छ ?
बिहानीको आँधी आई गुँड यो धूजा पार्ला,
सपनामा आँसू गिर्लान् ! नंग्राका फल झार्ला !
बिउँझी सम्झी, चल्लास् पन्छी ! त्यागी धर्मशाला,
सपनामै संझिदेन पंख कहाँ जाला !
त्यो गुँडमा पस्नु छ पन्छी ! जसमा छ न आँधी न ज्वाला ।

# तिहारको कुक्कुरलाई

(क)

ज्यमराजको पाले! तँलाई अबीर हालेँ!
स्वर्गको द्वारमा नभुकेस्!
डरलाग्दो काले, तँलाई फूल हालेँ,
पापी भनी उता नढुकेस्!

(ख)

अरू शोषी खाइन, भूठो कहिल्यै गाइन,
धर्म्मको सिक्री! नफुकेस्!
तँलाई साछी राखी, पृथ्वी दुःखी भा'की
हेरी, रुँदै चले, नलुछेस्!

(ग)

आँधीमा तँ फुक्छस्, कलिमा तँ भुक्छस्,
बेइन्साफमा नभ्रुकेस्!
त्रिभुवनचारी! अन्यायीलाई मारी,
चोक्टा लुछ्न नचुकेस्!

(घ)

निशि जस्तो रंग छ, विधि जस्तो नंग छ,
साधुलाई नटोकेस्!
मानवलाई मिल्ने, गरीब किच्ने, घिच्ने
दानवउपर तँ टुटेस्!

*(लय परिवर्तन)*

(ङ)

नर—शिकारी—शिकारी!
अँधेर युगमा बथान आ!
नीतिले गोल संसार छ!
मान्छे-मनको रछान खा!
हन्डबन्ड पार् काले!
भुक्! भुक्! धर्म्मको मशानमा!
कुरुक्षेत्र मच्चाइथिस्
दुर्योधनको शासनमा!
नागको पुच्छर ठाडो पार!
झम्टी! झम्टी! युगको चोर!
अँध्यारामा जन सुताई
जोछ हक-धर-फोर!
मानव-सत्कार आँगनमा,
फलामैको सिक्री ला!
तँ भएको संसारमा,
हाम्लाई केको फिक्री बा?

# धानका बाला

(क)

'धानका बाला झुलेहै! देशै रमाइलो!'
चार दिशा खुले है! घुम्टो उठाई ल!

(ख)

रेशमपाते सिलसिली पहेंलपुरमा चल्छ!
शीत झिल्के झिलझिली इन्द्रेनीमा ढल्छ!
अन्नपूर्णा अप्सराको नाच हावामा चल्छ!
असारे गीत पाको भै, यस दशैँमा फल्छ!
हिउँका चूली खुले है, गौरी मुस्काई ल!

(ग)

झ्याउँकीरीको उत्सव, झीना तार झिनझिन!
पलंगको मुटुमा ऊफरपाफर छिनछिन!
पीँग मच्चियो बैँशको, तरलभए जन-मन!
बर्खाधुवा सुकीलो, झुक्छ, हाँसी, गगन!
रङ्गीचङ्गीखुले देश पोशाक सुहाई ल!

(घ)

बाली हाम्रो सुनफसल, पृथिवी छन् रे असल!
शरद् झिल्झिल् हसिँया, साँध लाउँछ कुशल!
फलफूलमा रस पसी, घामले पकाइ ल्याउँछ!
स्वर्ग भन्ने स्वपना भूतल सरसाउँछ!
मखमलीकी कोपिली मुस्की, सुहाई ल!

(ङ)

संघर्षकी महाकाली, फसलकी लक्ष्मी;
ज्ञानकी महासरस्वती, शरदकी रश्मि!
कालीबाट लक्ष्मी बनी शारदा पो हुन्छिन्!
झ्याउँकीरीको बीन बजाई, मीठो झनकिन्छिन्!
कलकल् जमरामा टेक्छन्, टुप्पा कलीलामा,
तीनै देवी, चट्ट ओर्ली, मुहार खुशीलामा!
बाल बत्ती! लेऊ अबीर! पूजा फर्माई ल!

(च)

फटिक भए खोला, नाला, नीला भए डाँडा!
पहेँलपुरको राज्य पग्ल्योनीली भई टाढा!
अन्नरस मानवको जीवनको धन छ!
परिश्रमको श्रीपेच झैँ बाला झुँकी सुन छ,
लरबर झर्छन् इन्द्रेनीमा हीरा सुहाई ल!
कञ्चन मन झुल्यो है बादल बिसाई ल!

(छ)

बैँशालूका हिउँ निधारमा रातो घाम झैँ टीको,

कल्कलाउँदा जमराको केशमा झुप्पा नीको !
बादल बस्छ केशमा गई, बिजूली गै आँखा !
इन्द्रेनी गै लच्के भौँमा, ओठमा झरी भाखा !
आनन्दले बोल्यो है, गीतमा खुशाई ल !
मालश्री झैँ डुले है, कम्मर लच्काई ल !
धानका बाला झुले है, देशै रमाइलो !

# भैलो गीत

(क)

लक्ष्मीले निगाह गरेका !
झिलमिलि जुहार भरेका
सुन-श्री पूजा गरेका ! हे मुहार ! भैलो !

(ख)

जूगान्‌जुग फ्याँकेका
पशुको मोलले आँकेका
लाखबत्तीले डाकेका ! ए समाज ! भैलो !

(ग)

हामी गरीबका बथान !
दुःखको के छ बखान ?
जीवन छ हाम्रो चिहान ! ए झिलमिल । भैलो ।

(घ)

आलटाल झुप्रो करायो
जे अँधेरमा हरायो !
भोकतिर्खाको स्वर यो ! हे मानव ! भैलो !

(ङ)

हामी त्यसै आएनौँ
धर्म्मराजले पठाए !
मानव-हक पाएनौँ, ए तिहार ! भैलो !

(च)

निर्धन हामी पाहुना !
आयौँ बिलौना गाउँन !
हाम्रो छ सँधै साउन ! ए पशुत्यार ! भैलो !

(छ)

चिथरा हाम्रा आँगमा छन् !
माटा हाम्रा नंगमा छन् !
सुकेका बच्चा सँगमा छन् ! गुलछर्रा ! भैलो !

(ज)

दिने भए हिस्सा देऊ !
नदिने भए फुस्सा लेऊ !
गाँस-बास-कपास निस्सा देऊ, ए नेपाल ! भैलो !

(झ)

मानव-दिल निहार्छौं !
विवेकको आत्मा पुकार्छौं !
अरू सहेर गुहार्छौं, ए श्रीमान् ! भैलो !

(ञ)

पहाड तिम्रा भकारी
सुनको छानो सिंगारी
मानव आयो पुकारी, ए अधिकार! भैलो!

(ट)

फर्काए सित्तै पाप लाग्ला!
यमको कुक्कुर आइलाग्ला!
लक्ष्मीको पाइलो काइ लाग्ला, ए बैकुण्ठ! भैलो!

(ठ)

हामी सहने साधु हुँ!
अपनाए मानव जादू हुँ!
सम्भन मानिस-मानिसलाई! ए हृदय! भैलो!

# जल्दी रूपरानीलाई

(क)

आज जल्छिन् ती चितामा,
रूपकी खानी, दिदै!
बैँशकी रानी दिदै!

(ख)

त्यस्ती मानव-कोपिली ती!
बस्ना आउँदी, क्यै फुली ती!
जूनभन्दा कोमली ती!
क्या कुँदेकी अङ्ग मिली ती!
काल निठूरीले टिप्यो नि! पृथ्वीमा छानी, दिदै!
पृथ्वीको गर्वे उखाड्यो, छातीमा हानी, दिदै!

(ग)

नृत्यसँगमा गान मिले झैँ!
शिल्पलाई प्राण मिले झैँ!
स्वदेशकी झैँ मोहनी ती,
नेपाल पारी निर्धनी ती,
पूर्णिमामा पस्न लाग्दी झप् निभिन् क्या नि! दिदै!

(घ)

कालले पाएन यस्तो
मीठो खाना, अमृतजस्तो,
कोही युगमा, जीव डस्दो!
अप्सरा पायो नि कस्तो!
हेरूँ कसरी? सम्झूँ कसरी? भा'खरानी नि! दिदै!

(ङ)

बाँचिरा'भे' ढुङ्गा गाल्थिन्,
हिंस्रक जन्तु सब संभाल्थिन्,
सब नजरमा पूजा डाल्थिन्!
आज सपना झैँ बिलाइन् ती कला-रानी! दिदै!

(च)

ज्यादी राम्री बिजुली जल्छे!
एक झिमिकमै फूल गल्छे!
शीतविन्दु झल्की ढल्छे!
विधिकी उत्तम सृष्टि चल्छे!
कालको यो राज्य संसार! आँखाभर पानी! दिदै!

(छ)

हामी जन्म्यौँ वेदनामा!
आँखा चिम्ली, जलभरी,
जान्छौँ हामी तिर्सनामा!
आधि फुल्दै, भल परी!

के छ संसार ? संझनामा ! पानीमा पानी ! दिदै !

(ज)

हावाका झोंका यहाका
तर असारे झार्दछन् !
तारा गिर्छन् स्वर्गमाका
बादलले जून बार्दछन् !
अग्निका हुन्छन् अहारा रूपका रानी, दिदै !

(झ)

जलकलीली, जन छवीली,
फल रसीली, फूल हँसीली,
आज बादलपारी छन् ती,
जलका पर्दामा धमीली !
बादलपारी घाम होला ! पार यो पानी ! दिदै !

(ञ)

चोटभरमा चोट यस्तो
देख्नेमा कहिल्यै हुँदैन !
कसले सोच्यो "मर्दछिन् ती ?"
कसले देख्यो जो रूँदैन ?
नीलबाट बज्र चट्की फूल मार्‍यो नि, दिदै !
देवताले छाया देखी डाके होलान् नि, दिदै !

(ट)

मर्दिनन् ती, मर्दिनन् ती !

खेर जान्नन् सिर्जना !
खेद धराको गर्दिनन् ती !
बास्ना राखी सम्झना !
अमृत नाशिन्छ भन्ने, सोच्नु अमानव नि ! दिदै !

# तीन स्वर्गवासी बच्चाको संझना

(क)

सिमसिम पानी हावामा झरझरी, मेरा आँखा किन छन् बरबरी ?
झिलमिल झिल्की बिजूली चरचरी बदली दिल चिर्दछे घरघरी !

(ख)

चिथरो बादलजस्तो छ के र कलेजा संझाउने ?
रूझेको साँझ जस्तो छके र परेला रूझाउने ?
पहिली फूल-कोपिला मेरी टिपेथ्यो कालले,
पहिलो टुक्रा कलेजाबाट काटेर च'राउने !
बरबर आँखा, त्यो बाल-भाखा ! हिउँहातले छोइदियो सरसरी !

(ग)

मातृभूमि देखी रुँदै हाम्फालेँ म छालमा
यस्तै स्वर्ग रोइरेथ्यो, अँधेरीको कालमा !
माहिलो त्योजुत्ता लुकाई झ्याङ्को प्वालमा,
'नजाऊँ बुवा !' भन्दै रोक्थ्यो, हप्काई भागें, जालमा ।
'बुवा मलाई बोलायौ ?' भन्दै स्वर्ग गो त्यो भोकले हरहरी !

(घ)

ज्येठो थियो हिलेकमल, प्रतिभाको ज्वाला,
बुद्धि उसकी गहिरी अति, शान्त उसको चाला;
बाँझो माटो, घाम थोरै, पात कीरा लागी,
बोल्न छोड्यो, लुच्छ माली, बेहोश, मलाई त्यागी!
सम्झी आमा ओठमा फरफरी, भुसुनाजल मनमा बरबरी!
यस घरमा बसेनन् ती चरी सुख दिन सकिनँ हे हरि!

# वैशाख पूर्णिमाको गान

(क)

वैशाखको पूरनजूनमा बैँसको सत् हुन्छ सपना !

(ख)

मदनका वाण भनी फूललाई भन्छन्,
प्यार भन्ने सच्चा गन्ध तिनको आँतको आउँछ !
जून-फूलका कोपिला तब छाती फुकी रून्छन् !
जुरेलीले पिञ्जरामा पिउ पिउ गाउँछ !
जलतालले सपनी पाउँछ प्यासैको पूरनचन्द्रमा !

(ग)

उषा मैयाँ, कञ्चन दिल, जून चढी, सुतिन्,
सुगन्धका कणी खोज्थे सुगन्धका कणी !
प्यारको सफाइ देखाई जूनले पृथिवीलाई लिपिन्,
पर जल तरंगिणी खोज्थिन् केही धनी,
मलयको हृदयभरीगत युगका कथाका वासना !

(घ)

स्वपनाले पलक छुँदा एकान्त भो गुल्जार !

कल्पना के बाँझी हुन्थी वसन्त र जूनमा ?
आत्मा, छोडी देह लागो, खोज्न कोही दिलदार,
जस्तो फूलकी आत्मा गर्छे सुगन्धका कणमा !
निखरा हिउँ छातीमा सेतो स्वप्निन्छ सत्यको विपना !

(ङ)

प्रकृतिले पुरुषको सपना देख्ने रात हो !
वाणासुरकी छोरी सुती अनिरूद्ध पाइन;
दिलको देउता टक लाग्ने सच्चा प्यासको आँत हो !
मुखमा लगाई जून सुत झ्यालमा तिमी चाहिन्।
ए राम्री ! फूलबारी गम्कोस्, खुल्नेछ सत्यको सपना !

(च)

वैशाखको पूर्णिमाको रहस्य हो नानी !
व्यास हुँदा ज्ञानी लेखे इतिहास यसको।
पोथी दिललाई मात्र दिए उषा-सपना नि !
मर्द भने बिउँझि र'न्छन्, छट्पट् कसको कसको !
दिल सँग्ली, सम्झिने रात हो, को रैछ हेरन जोखना !

(छ)

संझना छ मिरमिर तिँलाई, भेट भएथ्यो अघि !
कोयलीको मीठो बोलमा पुरातन ध्वनि !
नियमको संसारमा त्यसै हुन्न, सँगी !
गह्वरमा मधु र गुञ्जन थुइरो धुइरो कहीँ !
दिन हो नानी, शरम खार ! रात, मैयाँ ! उषाको घटना !

# रोपाइँका दिन

(क)

'आजको दिन, रोपाइँका दिन, रमाइलो छ सुनन!
सगरको माया, पृथिवीलाई छाया, घन्के घन घनन!
हप्काई बादल आए कल्लाइ आकाशमा ए? निट्ठुरीका किरण!
दिल नवर्षे धनी, आज आकाशमनि, पापै लाग्ला, भनन!

(ख)

'लहरामा झुप्पा, झम्के अलक टुप्पा! धानको मुट्ठा हातमा!
बर्खा दी' पो होउ कि? जो गीत गाउँछ्यौ झुकी, इन्द्रेनी-सुर रातमा?
भोगटेमा बैँस, दाडिम पल्लव केश, जून छौ हिले खेतमा!
पृथ्वी देलिन् अन्न, नमुस्कुरी हुन्न, बैँसले गीतको भेटमा!

(ग)

'बर्खा किन गाउँछिन्? बादल किन छाउँछिन्? पीर्तिको हो बैँसे देश!
पृथ्वीले यो अन्न गर्देलिन् है बन्द, फूल नमुस्के, बास्नी बेस!
पृथ्वी लाउँछिन् जँवरा! गीत गाउँछ भँवरा! लहलहाउँछिन् सजी केश!
हाम्रो पनि आउला दशैं, घरमा लाउँला जँवरा है कलकले बेस!

(घ)

'रोपाइँ कहाँ जाला? अँगालूँ ला बाला! फुर्के पाठा पोस्ने भर!
बिजुली जीवन पायौँ, दुइ बारमै आयौँ एक बत्तीले धप्कोस् घर!
रेशम जाली शरम, छोप्छ बैँसको धरम! जवाफ दिन्नौ दिलको स्वर?
जब डाँडाकाँडा, गूँजी बोल्छन् टाढा, मेरो गीतको यो अन्तर!

(ङ)

हुनभने यही हो, जुगान्जुग गई हो, संसारैको इतिहास!
पृथिवीलाई रोपी, बाली फलाई शोभी, ढुक्कुर जोडी गुँडमा खास!
हज्जार आए बर्खा, बढाई गरी हर्क, उर्ले खोला, गाई आकाश!
तैपनि है कुनि, आइमाईको जुनि, लाग्छ शरम, लाग्छ त्रास!

(च)

'साँहिलादाइका घरमा, प्वाल पऱ्याछन् खरमा, भन्थे, तारा चियाउँछन्;
बर्खाभरी रूद्री हिउँ छरे बद्री, माकुरी पो बियाउँछन्!
ओडार छैन त्यहाँ! लगी बस्ने कहाँ? गौँथली ता गुँड लाउँछन्!
साँहिलादाइको बारी, सिस्नोको रे घारी! फूलपात चोली सिलाउँछन्!'

(छ)

'होइन प्यारी मन, त्यसो नभनन! पाँच पाथीको बीउ छ खेत!
बाला पसी आउलान्, भ्याउँकीरीले गाउलान्! दिउँला फुले झैँ पाउमा भेट!
काँचो इँटको झुप्रो, फर्सी फुल्छ थुप्रो, चाँवलैले भर्ल्यौ पेट
भन्यौ गरीब सानो, न्यानो छ है छानो! पीर्तिको छु, ठूलो सेठ!

(ज)

सगर बादल छाउँछ, झरी गीत गाउँछ तिम्रो, हाम्रो जीवन झैँ!
बाली रोप्नु सारा जोडी निम्ति प्यारा! यो दिन प्रेमको मिलन झैँ!

बिजूली क्या चम्की, छुमछुम पाउजेब छुम्की ! सिकाऊँ भन्छे ती आँखा !
नचाऊँ भन्छे पयर, गहनाको रहर ! सिकन बोल्ने त्यो भाखा !'

# विरहिणी गान

(क)

झोलिएका बादलू, भारी मन जल घैलै !
ल्याइदेन बिजूली ! मेरो निट्ठुर, झट्ट अहिल्यै !

(ख)

बैँस हाँगा कलिला छन्, दिन डुब्नेबेला !
पृथिवीमा जीवनको किन हुन्छ हेँला ?
केमा अल्झी रमाएको, परदेशी होला ?
पत्थरको छाती रैछ, मिस्री जस्तो बोल !
किन ला'को पीरति, भुल्न भन, पर गैलै ?

(ग)

खोला मेरा दुगुर्दछन् डाँडा काटी पर !
फेर तिनको तानी, भन्न, 'फर्क, जनि गर !'
'जुरेलीले पिँजरामा 'पिउ' बोल्दै मरी !'
भनिदेन यत्ति हावा, तिनको कानमा झरी !
कसिएको चोली यो, भिज्छ मन, जल भैलै !

(घ)

परेवाका जोडी बस्छन्, न्यानो गरी कुरकुर !
भाग्यमा यो आफ्नो रै छ, कुँढी, मर्नु मुरमुर !
जलेकी यो जोवनको खरानी झैँ रात !
शान्ति छैन निद्रा छैन, मर्छु छटपटबाट !
बैँसबत्ती बालेथेँ, तिम्रो पथ भई मैले !
विरहिणी मरि गै, भोलि दिन, हुन्न कहिल्यै !

# पाहुना

(क)

हाम्रा आए पाहुना !
गुरुङ भाइहो ! गुरुङ बहिनी !
हाम्रा गाउँका आँगन !
नाच्न थाल ठिटीहो ! गीत गाउन !

(ख)

पहाडको मोहनी नीलो हुन्छ !
हिमालको शिर पनि दुइबार सुन छ !
हाम्रा खोला भेट्न, कुदे,
हाम्रा पाहुनालाई !
गीतले माथि डोऱ्याए
हाम्रा पाहुनालाई !
सम्झी आउने पाहुना, ठूलो गुन छ !
आइपरेको नरनारान हुन्छ !
मान्छेलाई, छातीलाई, कदर गर जातिलाई
भाँचेको केँवराको माला ला'उन !

(ग)

पर्वतको दुहुनी मीठो हुन्छ !
स्वदेशको मोहनी गाउँले बुन्छ ।
छोरीबेटी, पर्वत फूली,
बस्ना आउनलाई !
तिनमध्येकी उत्तम चूली,
आज गाउनलाई !
सुन्दरीकी रानीमा ज्यान हुन्छ !
अतिथि नै जगतको कान हुन्छ !
गाउँकी श्रीलाई फुर्फुराई, देउन रसले सरसराई !
उफ्र भाइ, बहिनी ! मादल बजाउन !

(घ)

गाउँको सानो घेरो फैलिजान्छ !
हाम्रो सानो संसार अब महान् छ !
दर्शन दिने भगवान् !
भाग्गे पाउनलाई !
गाउँ बग्छ जल भैँ रे !
संसार धाउनलाई !
बाहिरी संसार अँगाले, विशाल मन छ !
सांग्रा नजर पखाले, आत्मा धुन्छ !
झिल्झिल मीठी कान्छीलाई, सलाम हाम्रो पाहुनालाई !
गाउँछ धनी आजलाई, घुँघुरा बजाउन ।

# विश्लेषिक दृष्टि

(चतुर्दशपदी)

कहिले, कहिले, रिस उठ्छ ! काँध बटारेर
उचालुँ झैँ लाग्छ आकाश, ढकनी यो नीलो !
घर अज्म्यो चट्टानमा, ढल्छ, बनी गीलो !
प्रयत्नको फल, आँधी खोस्छ झटारेर !
सच्चाइमा श्राप पर्छन्, श्रद्धा बिगारेर !
सत्य बग्छ आँशु जलमा, मिथ्या गाड्छ कीलो !
कमलले रोइमर्नु, जिइरहनु हिलो !
आँखा च्याती हेर्न खोज्छु भावी निहालेर !
को छ त्यहाँ ? छ, कि ? छैन ? के छ त्यसको नीति ?
कल्ले छोप्छ हामीलाई ? सद्दे छ कि पागल ?
प्रयासले बुद्धि थाक्छे ! सकार्दछे रीति !
संसार नै भन्नु यही छटपट सजल !
विवेकको सुन्छु ध्वनि–'क्षण क्षण चिनी,
अतीतको ढुकढुकी नै दृष्टि पूर्ण बनी !'

# तुलारामको सिद्धान्त

(चतुर्दशपदी)

हृदयको मेरो तुला, तल-माथि गर्छ
कहिले चढ्छ संसार ज्यादा, कहिले चढ्न तारा!
दुवै ठीक्क मिलाउने प्रयत्न छ सारा!
काँट मिल्दा मात्र थाप्ने हात स्वीकार गर्छ
पृथ्वी झिक्यो, ताराको सब वजन भुइँमा गिर्छ;
तारा झिके, लाटो माटो, लाश छ, वजनद्वारा!
नमिलेमा विफल छ व्यापारको भारा!
आत्मासँग मासुलाई वजन मिल्नुपर्छ!
कोही उठे आकाश ज्यादा, कोही झरे धरा!
एउटालाई आर्कोसँग तौल्ने मेरो बानी!
समान गरी नाफा ज्यादा, खप्नु छैन हानि!
गुलाफ र किरणको मितेरी छ बरा!
काँटलाई मैले दिएँ मानवता नाम–
स्वर्ग-पृथ्वी सन्तुलन, यही छ अभिराम!

# बाबु तिनको काँहो ?

(चतुर्दशपदी)

बाङ्गोटिङ्गो आलटाले जीवनको छद !
माफ माग्छ महलसँग त्यसको नालीमनि
सड्छ गोबर–गह्वुँ वायु, कीटाणुले धनी !
बगलमा काइवाला सर्प खेल्ने ह्रद !
टूट हाँडी जिल्ल पर्छन् धुस्नो सुकुलसित;
पीँढी, पागल बूढी बाज्छे नीलकाँटा श्रापी !
कङ्गाल कुक्कुर मलाई भुक्छ, ठाडो कानी थापी !
जनतन्त्रलाई पहिली तारा सोध्छिन् 'कथं ? बद !'
नाङ्गा बच्चा आरू खान्छन् सडल, रूख-झर !
लहलह बाक्लै, फले खेत पाटा हरा !
पसाएको अन्न एउटा शिशु फोर्छ बरा !
तर कालो साँढ दूर छ, चपाउँदो मरमर !
खबर दिन्छन् बाबुलाई, नोल ली जागी, आयो !
बच्चा देशका कराउँदा छन्– बाबु तिनको काँ हो ?

# बैंस

(चतुर्दशपदी)

लहलहा लहरामा कोपिला भै फुट्छु !
बस्ना मेरो चल्न लाग्यो, अफैँ बनैँ खुलदुल !
उमेर बसी मुस्कानमा ! तरंग भैँ छुट्छु
मूर्त सम्मोहन सजीव बाहुलीमा, चुलबुल !
सचेतशक्ति लज्जा बनी, हिउँमा लाली उठ्छु !
स्वपनाले एकान्तलाई गुल्जार गर्न थाली !
त्यस शहरमा पुष्पसदन इन्द्रेनीले रच्छु !
मेरो दिल बज्छ बेला, रूँ रूँ अस्फुट हाली
पूजारिनी अविदितकी, कृष्ण सम्झी उठ्छु
सम्झना छ बृन्दावन ! मखन मनको थाली !
तल-माथि चल्छ छाती, भेट्छु भनी डर्छु !
तर लिन्छु नृसिंहलाई बाँच्ने रेशम जाली !
अप्सराको मात मेरो ! फुल्दो हाँगा तानी
जूनलाई सोध्ने गर्छु, "कता स्वर्गरानी ?"

# भद्रान्ततिर

(चतुर्दशपदी)

बल्ल लाग्यो आज घाम, भदौको यो पुछार !
तृप्त नभै चित्त पोख्थिन् प्रकृतिले पानी,
आकाशको पखाल्नी अब पूरा भो कि, रानी ?
बाँकी भए, पोखे बादल, शेष निथारपिथार !
वर्खाको छ चार धुजा गगनको श्रृंगार !
सूर्य खेल्छन् लुकामारी, शरम अरू मानी;
ज्यादा धप्की, चर्किदिने जवानीको बानी !
मसाङग्रिए खोलानाला बेग घटी गँवार !
दक्षिण दिशा घुम्टीमै छन् रिसाउन्नन् क्यार ?
धानका बाला पसाइ खेल्छन् शीतल हावासँग,
मातृत्वले छिल्बिलाउँछे माउबोट हेर !
अपराह्न कलिलै छ ! खैरिदो छ रङ्ग !
अस्ति रात झल्क्यो नागदम्पतीको मणि !
पृथ्वी फल्छिन्, चम्की गाउँछन् जोडाजोडी धनी !

# धानबाला

(चतुर्दशपदी)

यो हो परिश्रमको बाला! संघर्षको झप्पो!
सुगा रंगको सागरको खैरो फीँज-चूली।
पृथिवीको मातृत्वको दूधको यो धूली!
ईश्वरको श्राप खप्ने आशाको यो टुप्पो!
यो असारे पीरतिको गान माथि उभ्यो!
जीवनका मोतीदन्त हाँस्छन् लुकी, झुली!
बालकका आसे आँखा हेरी पाकी फली!
सागरको यादले छ मानिसलाई लभ्य!
यल्लाई पूजा गर्छौं हामी, अन्नपूर्नी बाला!
मातृभूमिको यो श्रीपेच! भोकको यो शान्ति!
ठाडो फल्थी बेचार यो स्थिर सरी ज्वाला,
न्यूरी फली! –दावा गर्छन् आलस्का भ्रान्ति!
केही दाना शीत रून्छे मानव-अदालतमा!
लाचारीमा यो लगिन्छे शोषणका पथमा!

# खोलो

(चतुर्दशपदी)

लेखें के-के तरंग ती घामपानीका दिनमा,
जस्तो आयो उस्तै छाल सुन्ने गरी फ्याँकी;
कोही कतै झल्के होलान्, मैला अरू बाँकी,
ज्योति बिना बगे होलान् सागरका धूनमा !
पृथ्वी-चारी खोलो बग्यो एकान्तको वनमा
नागबेली पथमा बोल्यो जगतलाई डाकी
उसको थियो लक्ष्य जून, बिलौनामा फ्याँकी,
कतै तीर बिग्रे होलान्, कतै होलान् धनमा !
धून-रानीको यो धर्म, फत्फताउँछे धेर !
पत्थरमा पछारिँदी, अन्तरमा चोट !
कहिले सुनको दाना ल्याउली, कहिले ढुङ्गा ढेर !
कहिले सुनको बग्ने बानी कर्म्म यस्तै भोत !
पानीसम्म बोली चल्छे, तिर्खा भए काँहीं,
निर्मलीले सँगालेर प्यूलान् प्रेमी चाँहीं !

# दयाप्रति

(क)

ए दयाकी रानी! बादलुकी झरी!
आपतले तप्तमा, छाया कोल छरी,
सागर चढी सगरमा झर्छ्यौ पिलपिल गरी!

(ख)

परावारीकी पुत्री ए! प्राण पवन चढी,
मोती, मोती ल्याउँछ्यौ, पृथ्वी शीतल गरी!
महामरु बन्थिन् जो,
तिमी बिनु मरी!

(ग)

ढुङ्गा बोल्न थाल्छन् ए! स्वरकी मधुरी!
जब तिमी बग्दछ्यौ बगर झलझल गरी!
फूल, अन्न भूभरी
तिम्ले रस छरी!

(घ)

छातीबाट मानवी बाफ डाली भै,

नील अकास आँखामा, जलकी जाली भै,
शेषशायी जगाउँछ्यौ
निद्रित नरहरि !

(ङ)

लच्किन्छे इन्द्रेनी, शिरलाज परी !
श्रेष्ठशक्ति झल्किन्छिन् तिम्रा मुखभरी !
जिलाउँदछ्यौ रात जब,
पृथ्वी डढी मरी !

(च)

अवतार ईश्वरलाई दिन्छ्यौ थरीथरी !
जस्तो, जस्तो गगन, उस्तै छायाबरी !
शिला पनि छेद्दछ्यौ
बज्र चटकी वरी !

(छ)

तिम्रा प्यारा पुत्र एक नेपालमा जन्मे !
एउटा रूखलाई दिइन्थ्यो छायातत्त्व धन्ने !
बोध सल्क्यो बिजुली
विश्व छक गरी !

# टुक्रा बादल

(क)

ए बादल! भुवा तँ सानो! एक्लो भै बहन्छस् आकाशमा!
ऊँचा छस् लहरका बुइमा, आफूलाई छोड्दछस् बतासमा?

(ख)

घामजलको सूत तेरो, मूर्ति बनी सानो!
शून्यबाट खँदिलेर स्वपना झैँ आइस्
संसार हेर्ने वासनाले रूप लिए झैँ मानो,
गिरिदरी-दृश्य-मुग्ध, हिमालतिर धाइस्?
वासनाको महल झैँ सानो, बग्दोछस् निर्मल एकलासमा!

(ग)

ए चरी! तँ सेता चूली निन्दा गरी उठ्छस्?
धँस्याइलो यो सतहमा दूरबाट हेरी
उच्च सगरबाट कहिले बिरबिर बिन्दु झार्छस्?
सुन्दरको हृदयको कचौरामा गिरी?
पहरीले मेट्नेछ पट सब, रहनेछस् पत्तीको झिलझिलमा!
ऊँचा जो लहर-बुइमा बग्दोछस् स्वव्यक्त उच्छ्वासमा!

# ठूला र सानासँग

(क)

ठूलाले गरेनन् केही, सानाले मलाई अपनाए !

(ख)

दुःखी देखी मुट्ठी कसेँ, छाती साह्रो पारी,
धन नै शक्ति भनी बसेँ, मानवता मारी;
विलासका सिक्री धरी मानव छ कैदमा !
तिनले खोक्रो ओठलाई चुचकारे खेदमा !
महलमा मिहिन काहीँ पग्लिँदो भयो है रसना ए !

(ग)

सानासँग साधारण सडकमा चलेँ
दुइटा आँखाभर तिनका आँशूदाना फलेँ !
दुःख हुँदा दुःख चिन्यो; मुटु मिल्यो ताल !
दुइ दाना तिनको जित्छ कुवेरको छाल !
साना पो ठूला है देखेँ ! गरीबमा कुवेर भन् पाएँ !

# स्रष्टाको ध्वनि

(क)

ए मान्छे ! तँ सारा रसले ! तँ मलाई अवश्य एक रस दे !
मनुष्य मनुष्यछेउ आएमा मनुष्य भै खस्दे !
संसारको महल भो तँलाई ! तर दिलले मभित्र तैँ पस्दे !
एक भगमा तँ लुब्ध होलास् ! विश्वैको मालीक भै बस्दे !

(ख)

विविधा यो प्रदर्शिनी हो, तेरै हो ! मलाई क्यै जस दे !
यो खोजको विकाश-बारी ! अद्भुतरस फलेका क्यै चुस्दे !
पुतलीमा छ मेरो श्वास ! वनचरी ! तँ पुग्छस् विश्वास दे !
साथी छ हिँडेको साथ– यो सम्झी सचेत भै बस्दे !

# बादलदेशमा

विमान चडी नाघेथेँ डाँडा नेपाल खाडीको,
बादलदेशमा पसेँछु गजब! आश्चर्य भारी भो!
जिज्ञासा हेर्थी जो तल्लो तह, माथिल्लो निहारी,
ताजूबी लागी टोह्लाउन सम्झी सृष्टिको फूलबारी!
भुवालू लहर डील परी कोमल, दृष्टिले छोएर,
स्पर्शको चरम आनन्द लिन्थी, मायालु भएर,
बाफको सगर छचल्की छाल तस्वीरमा लिए झैँ,
निश्चल थिए, सुतेका ऊन आँग जोरी बसे झैँ!
हावामा उत्री, ऊँचाइमा अडी, स्वकीय स्तरमा,
एक लोक बस्ती बसाउँथे मानो भारका डरमा,
सजीव तिनको छ सहयोग, भ्रातृत्व भने झैँ,
गुल्जार गर्थे सूनसान ऊँचा, कल्पना बने झैँ!
चित्रको मानो सदृश छाल सटेर एकत्र,
कोमल कोही भावनालाई खोले झैँ विचित्र!
विमान पुग्यो झन् परतिर! पर्वत स्पर्द्धालु,
जितेर चूली, राक्षस बादल, लम्कियो सिपालु!
हिमालभन्दा आश्चर्य ठूलो! विराट्को आकार!
विशालताले ताजूबी, भय, उठाउँथ्यो अपार!

झन् अघि बढ्यो विमान, पुग्यो कोमल लोकमा,
चहकवाला फूलपत्ती जित्ने बादलका भेकमा !
त्यसमा घर बनाऊँ भन्थे इच्छाले कल्पेर !
लेट्दछु भन्थे अङ्गले त्यहाँ भुवामा ढल्केर !
नरकमा ती चरम चूली बोलाउँथे मुस्केर,
देहीले शरीर छोड्न पो खोज्थ्यो, सुटुक्क निस्केर !
सृष्टिका सेता धूली ती तरल, रूपका पियासी,
लिएर देवी प्रकृति खेल्थिन् लहड निकासी !
परीको संसार समान कोमल त्यो बाफ घनामा,
मदिरा पोखोस् सुनको प्याला घोप्टाइ क्वै संध्यामा !
बैकुण्ठ भन्ने स्वपना हुन्थ्यो ? पुराण कथा के ?
अमृत भन्ने कल्पना हुन्थ्यो ? रहन्थ्यो व्यथा के ?
विमान चल्यो तराइउपर– अफसोस लगाई !
कविका दिलमा म पस्न खोजें कविता पल्टाई !
यथार्थभन्दा पातला, ठूला यथार्थ कहीँ छन् !
नेबुला, बादल जीवका दिलले लिएर खेल्दछन् !
कल्पना होइन फटाही, झूठी ! सिर्जना, पगली !
पृथिवी पनि खेलाउँथिन् छाल गिदीमा असली !
अनन्तताको प्रयोगद्वारा संसार छ रमाइलो !
तरङ्गभित्र कविको मिल्छ आनन्द नपाइँदो !
जीवका हुन्छन् कल्पनास्तरमा शीतलसंसार !
प्रकृति हेर्छिन्, मेट्दछिन्, भर्छिन्, बादल हजार !

# पूँजीपतिलाई

(क)

सम्पद्का भकारी-पाले! ए मुर्दा! मुहार सिँगार!

(ख)

खजानाका सेता सर्प, तिम्रो फणा खासा!
पर्वाह के तिम्लाई मरे माता, मातृभाषा?
बाङ्गो गुँडुल्को झैँ पर्छ हृदय जो तिम्रो,
कोट रहोस् छिर्केबिर्के, आत्मा रहोस् लास!
बुद्धिका अवतार तिमी हौ! चारपाङ्ग्रे मोटर घिसार!

(ग)

विदेशीका सामु झुक, स्वदेशीलाई थुक!
ठूला चोक्टा देशका हे तिमीहरू नै लुछ!
किसानका पसिनाका मोती साँच राखी
सारीका राम्रा नाता! चल जगत् हाँकी!
तरुनी बिगार्न लाखौँ खर्चन्छौ, ए फूर्ति टङ्कार!
भाषालाई नकौडी एक झार!

(घ)

मात तिम्रा आँखाभरी, रुधिरभरी सुरा!
गिदी तिम्रा अन्धा चक्कर! पाप तिम्रो जरा!
लूटेको यो धनलाई श्राद्ध फुपूको छ!
लाली लगाऊ देशको मुटु तिम्रो बटुको छ!
ए गिद्ध! छौ दूरदर्शी! मसानहो समाज! खँगार!

(ङ)

ज्वालामुखी जनमन फुट्ने छैन कहिल्यै!
आह हाम्रा सञ्चित यी आंधी हुन्नन् कहिल्यै!
चिथरो यो पथरा नै पर्ला सधैँभरी!
नृसिंह क्वै आउने छैन फटिक खम्बा चिरी!
गर्ज, गर्ज क्षण रे मूढ! रम प्याला कालीको ठीक पार!

(च)

ए पालीस्का चुत्था जूँघा! मर्द नामका पोथी!
ए नामेट बन्ने पशु! नर नामका गोथे!
ए हावाले फुल्दा रबर्! सूजीकारका औतार!
मातृभाषा मर्दा आज, विषधरको फुङ्कार!
ज्वाला एक जगाउन नसकून् पार्नलाई तिमीलाई अँगार!
लाखौँ यी लवजका शरले प्वाल पारी, थुकौँला धिक्कार!

# बुढानीलकण्ठतिर

(क)

छायाका छ छिरबिरे पातली,
मोहिनी, सावँली शीतली !
रूख-हाँगा इशार्छन् चुलबुले,
मर्मरी बोलाउँछे बनथली !

(ख)

धेरै औतार लिई विष्णु, थाकी सुते जलमा !
बिउँझिनु एक संघर्ष हो, सुत्नु एउटा शान्ति !
प्रलयको सौन्दर्य क्वै देखिन्छ यो थलमा !
संसारको ज्ञानपर समाधिको कान्ति !
सग्लेको स्वप्निल छाल वन निद्रा बुलाउँछ कलकली !
जब जून, सुत्दछन् पत्ती, हावा नै निदाउँछ चल्मली !

(ग)

बादलका निश्चल भुवा अभिप्राय भूली,
अनन्तमा बिलाउँछन् निर्वाणमा सूनसान !
आकारेका भावना झैँ संसारमा डुली,
तारा फुल्ने बोधिवृक्ष छायामनि गुमगाम !

आत्मा नै बिलाउन खोज्छ शान्तिमा अपूर्व जूनेली !
सल्लाका मरमरले डाके, एक रातलाई ! भजूँ कि वन-बेली ?

(घ)

कोही मुटु मुटुसाथ, साथ सुती, ढुकढुक
गर्न खोज्छ प्रकृतिमा, चूपचाप बोली !
जूनको भ्रूल भ्रार्छु ! एकबार मनको मुटु कुककुक !
मर्छु संसारतर्फ, यल्लाई अन्तरले फेली !
जीवनान्त सुत्छ जलमा ! जगदान्त समुद्र निश्चलमा !
क्वै सुत्छ सपनी संसार ! निज जलमा सुतुँ कि ? वनथली !

# यो युग

(क)

मन्दिरका उखेल मूर्ति, यो युग हो नवीन पूजनको !

(ख)

इन्द्र आज बामुन्ने छन, छोटा, ग्याँचे, जाली,
एक पत्रे बादलुमा गर्जे बज्र फाली !
नेपालीमा बोल्दैनन् ती, अंग्रेजीका खालि !
बज्र उनका खुर्कन्छन् रौँ, हाँसो उठ्छ खालि !
ए लेखक ! अंग्रेजी सिक ! यो छोटो, रमाइलो अभियान हो ।

(ग)

मूसाहरू उनलाई पुज्छन् तिकडमका राजा !
उनको गर्जन फोनु त्यसको जसले दिन्छ खाजा !
चाट्ने जिभ्रोलाई हुन्न लवजमा लाज !
च्याउ उनको सिंहासन छ नागमणि ताज !
भ्यागुता छन् उनका सेना ! सुन, सुन आज !
क्या राम्रो प्रगति देख्छौँ भाषाको ! मुखमा बेइमानको !

(घ)

कवि हुनु केही छैन! लाटा सुधा डाक!
लट्टरपट्टर अंग्रेजीका भूठा लवज हाँक!
छापाखानामा साथी राख, चिया पिई बम्क!
आफ्ना मुखका भीँगा आफैं गह्नाएर हम्क!
चम्कन्छौ उजेली काठभैँ कोठामा अँधेर जो सूनसान छ!

(ङ)

छाती जति सानो हुन्छ साङ्ग्रो जति गुट,
तेत्तीस बादका टुक्रा जोरी ऊँट जस्तो उठ!
के छ? बेपारकै छ राज! सस्ता चीजले डट!
भुठा तुला अघि सारी संसारलाई लूट!
भाषा त फलाक्ने चीज हो! तटले तिनलाई के बाँध्यो?

(च)

एउटा मोटो नेता पाए कस्तो हुन्थ्यो? आहा!
मारवाडी मद्दत गर्थे! नवोद्दीपन यहाँ!
भुरा कला, साहित्यका भण्डा रङ्गी फरफर!
दिल्ली, पेकिङ ठेक्का हुन्थ्यो! फिँजाइ दिनकुहर!
रिसले क्या जल्दछ छाती, प्रतिभाहो! यो तिम्रो मसान हो।

(छ)

आज मुक्के लेखक यहाँ! आज अन्धो पाठक!
बाङ्बाङ् बुङबुङ् केही गरौं! भुस्याहाको नाटक!
सकेदेखिन् अन्धा गल्लीबीचमा ठूला खाँदौं!
भुराभुरी बथान मिली हात्तीको बैर साधौँ!
त्यो मोरो! पाछ्ला नि हे है! उडलाउ है हावाले बेइमानको!

# राष्ट्रभाषाको प्रेम

राष्ट्रभाषा नेपालीको छैन जल्लाइ प्यार
त्यस्तो आत्मा मुर्दा हो कि ? हुँडार-भेडो क्यार ?
त्यसका जूँघा झार हुन् कि ? त्यसको टाउको फर्सी ?
छाती त्यसको विषकुम्भ ! फर्क, तिमी तर्सी !
कोही तर दोसाँधका, बेसारका पिङ,
चिन्न अलि कठिन हुन्छ चमेराका झुण्ड !
नेपाली यो भाई भनी छाती लाउने कल्लाई ?
भाषा हाम्रो आत्मा भन्ने भाव फुर्छ जल्लाई !
दुइ बार मर्ने माटाका छन् मूर्ति भने कोही,
भाई भन्नुपरे तिनलाई आत्मा आउँछ रोई !
जत्ति ठूलो भूँडी होस्, शठको रे स्वस्ति !
ओहोदामा धूरी छढून् लेऊन् मीठा किस्ती,
बाह्रौं हज्जारका टप सुवास्नीले लाऊन् !
हात चाटी भुस्याहाले मोटाइ, भुकी, गाऊन् !
चिप्लो हओस ओठतिनको, धूं, मीठो जिभ्रो !
विषफलको बोक्रो राम्रो, देश सम्झ बिग्र्यो !
प्रधान नै भए तिनी, गरौं अपमान !
आठै भक्ति तारिफेर, चिनूँ बेइमान !
जल देखे तर्सी उढ्ने विक्षेप् नै सम्झौं !

कोई असल गर्ला भन्ने भ्रान्तिबाट बिउँझैं !
छाउराले प्यार पाउने दिवसमा नाची
प्रधान हुन के छ र ? खडे हुनलाई
क्रेनले त्यो चढिहाल्ने, ब्रेन भो बहुला !
भन्छ भने मातृभाषा चिहानलाई दिउँला !
कथा पनि साँचा हुन्छन्, भन, कहिले कहिले,
नीलवर्ण श्याल आई राज गर्छ जहिले !
चमेराको अनुहार होला त्यसको जाँच !
बेसारको रोगन होला, पचाएको लाज !
कोशीभित्र फल्ने कोही गोही जस्तो होला !
तिमी, हामीलाई भनी निक्कै रोला !
छाला त्यसको जुत्तालाई राम्रो हुन्छ भन्छन्,
मातृभाषालाई दिए ज्यादै राम्री बन्छिन् !
त्यस्तो केही प्रधानले राज गर्न आए
उडूसहरू मोटाएर गन्हाएको पाए !
पाठो भई आउला फेरि, हुँडार भनी चिन !
नेपालीको नाउँको एउटा ठूलो धोखा गन !
ब्वाँसा गुरु होलान् त्यसका कुक्कुरहरू चेला !
यता कन्याई उता भुकाई, फेरि आसन लेला !
सावधानी राख नानी ! ओढ्ला बिडाल धुस्सा !
मूसा मारी पुराण भनी, पाउँला आखीर फुस्सा !
गाई मर्न लागिन् भन्छन् हिन्दू राम भन !
हो, हो गर्ने श्यालको सभा, मोटो होला, सुन !
चनालाई बर्फी दिए अजीर्णको शूल !
सर्पलाई दूध दिनु तिम्रो, हाम्रो भूल !
यस्तो भूत कोई छ भने, घर, घर, नानी !

बेकारमा किन्छौ किन सानो पिगदानी ?
कोई प्रधानको नाउँमा आयो यस्तो हावा !
हावा पनि भूठो हुन्छ कहिले, अहिले बाबा !
नकार्दछ त्यल्ले भने भाई भनी छाती !
सकारेर बोल्छ भने, दुइ करोड लाती !
बीचमा बेसार लाउँछ भने, म्यूजियम्मा ल्याउँला !
नभएता पाप लाग्ला असल गीत गाउँला !

**समाप्त**